# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १६४ | काठमाडौं | शुक्रबार, २४ असोज २०८२ | Prabhab National Daily | Friday, 10 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## ओलीले देखाएनन् सुध्रिने छाँट सरकारसँग भिड्ने उद्घोष

■ जेबी योञ्जन

**काठमाडौं–** गत भदौ २३ र २४ गतेको जेन-जी विद्रोहपछि सत्ताच्युत निवर्तमान प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पुरानै शैलीमा अघि बढ्ने संकेत गरेका छन्। पार्टीभित्रै नेतृत्व परिवर्तनको आवाज उठिरहँदा न उनी नेतृत्व छाड्न तयार छन् न त आफ्नो गल्ती स्वीकार गर्न। उल्टै उनले जेन-जी विद्रोहबाट भएको राजनीतिक परिवर्तनलाई स्वीकार नगर्ने उद्घोष गरेका छन्।

दुईतिहाइ बहुमतसहित सरकारको नेतृत्व गरेका बेला जनपक्षीय काम गर्न नसक्दा उनले अकल्पनीय सत्ता बहिर्गमन बेहोर्नुपरेको थियो। भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने कार्यमा ओली सरकार असफल भएकै कारण जेन-जी विद्रोह भएको थियो।

ओलीले जेन-जी विद्रोहपछि गठित सुशीला कार्की नेतृत्वको नागरिक सरकारलाई पनि अमान्य घोषणा गरेका छन्। बिहीबार भक्तपुरको गुण्डुमा उनको पार्टी नेकपा एमालेले आयोजना गरेको कार्यक्रममा बोल्दै उनले कार्की सरकार बाह्य शक्तिले बनाएको टिप्पणी गरे। उनले लोकतन्त्रको जग भत्काउने सर्तमा कार्की प्रधानमन्त्री बनेको आरोप लगाए।

कार्की सरकारले नै गठन गरेको विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगलाई ओलीले नक्कली भनेका छन्। उनले प्रतिनिधिसभा विघटनको विरुद्धमा संघर्ष गर्ने उद्घोषसमेत गरे। प्रधानमन्त्री छँदा सुशासनको पक्षमा जनअपेक्षित काम गर्न नसकेका ओलीले कार्की सरकारले पनि सुशासन कायम गर्न नसक्ने दाबी गरे।

जेन-जी आन्दोलनको एक महिनापछि बिहीबार भक्तपुरको गुण्डुमा आयोजित सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले संसद् पुनर्स्थापनाका लागि एमालेले पहल गर्ने र त्यसका लागि संविधान र लोकतान्त्रिक व्यवस्था पक्षधरहरूलाई एकाकार बन्न आह्वान पनि गरे।



### गुण्डुमा ओलीले जे बोले

- यो सरकार कम्तीमा नेपाली जनताको होइन।
- पासपोर्ट रोक्का र काठमाडौं छाड्न नपाइने भनेर तमासा देखाइयो।
- सुशीला कार्कीको डरले केपी ओली भाग्छ ?
- गृहमन्त्री बाबुलाई धेरै नउत्ताउलिन र नचम्किन, सम्हालिन सल्लाह दिन चाहन्छु।
- जुनसुकै बलिदान दिन तयार छौं, जिस्क्याउनु पर्दैन।
- यत्रो अपराध क्षम्य हुने छैन। एकछिनलाई जेसुकै गरोस्।
- सम्पत्ति छानबिन एकपल्ट होइन, दसपटक गर।
- जाँचबुझ आयोग नेकपा एमालेलाई स्वीकार्य छैन।
- यो सरकारले राज्य आतंक सिर्जना गरेको छ।
- दलहरूसँग पौंठेजोरी खेलेर, बाइपास गरेर चुनाव हुन्छ ?
- संविधान मासिन, संसद् मासिन, थिचोमिचो गर्न दिंदैनौ।

अध्यक्ष ओलीले नेपाली कांग्रेससमेत संसद् पुनर्स्थापनाको पक्षमा आउने विश्वास व्यक्त गर्दै समयमा कदम नचालेपछि ढिला भएछ भनेर पछुतो मान्नुपर्ने अवस्था आउने बताए। 'कतिपय मानिसहरू भन्छन् फागुन २१ गते चुनाव भएन भने त्यसपछि संसद् पुनर्स्थापनाको माग गरौंला,' ओलीले भने, 'संसद् विघटन असंवैधानिक छ, गलत छ, गैरकानुनी छ, अलोकतान्त्रिक छ।' ओलीले प्रतिनिधिसभा विघटनलाई राष्ट्रहितविपरीत भएकोसमेत बताए। 'यो देश हितका विरुद्धमा छ, हामीलाई थाहा छैन र ? पर्खनुपर्‍यो फागुन २१ गते ? पर्खनु परेको छैन,' उनले भने।

कार्की नेतृत्वको सरकार गठन भएलगत्तै प्रतिनिधिसभा विघटन गरेर आगामी फागुन २१ गते निर्वाचनको मिति घोषणा गरेको थियो। उक्त निर्वाचनपछि राजनीतिक अन्योलता ट्र्याकमा फर्कने धेरैले अपेक्षा गरिरहेका बेला एमालेले निर्वाचनको विपक्षमा आफ्नो प्रारम्भिक मत राखेपछि मुलुक पुनः द्वन्द्वमा फर्कने त होइन भनेर आशंका गर्न थालिएको छ।

एकातिर सरकारी पक्षले तत्कालीन सरकारका प्रधानमन्त्री ओली, गृहमन्त्री रमेश लेखकलगायतलाई पक्राउ गर्ने प्रयास गर्नु, अर्कातिर एमालेले देशभर भदौ २३ र २४ गतेको हिंसात्मक घटनाविरुद्ध जाहेरीको शृंखला चलाउनुबाटै पनि दुवै पक्ष आमने-सामने हुँदै भिडन्तउन्मुख देखिएका छन्।

यहीबीच एमालेले भोलि असोज २५ गते काठमाडौंमा शक्ति प्रदर्शनसमेत गर्ने तयारी गरेको छ। संसद् विघटन र नयाँ सरकारबारे नेपाली कांग्रेसले आफ्नो स्पष्ट धारणा सार्वजनिक गरिसकेको छैन। यद्यपि, बिहीबार बसेको पदाधिकारी बैठकमा सहभागी नेताहरूले निर्वाचनलाई नै प्राथमिकता दिने संकेत गरेका छन्।

क्रमशः पृष्ठ २ मा

### कांग्रेस पदाधिकारी बैठक

## शेखरको साथ नपाएपछि गगन–विश्वले छाडे विशेष महाधिवेशनको अडान



ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा बिहीबार बसेको कांग्रेस पदाधिकारी बैठक। *तस्बिरः रासस*

- महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आइतबारबाट सुरू हुने केन्द्रीय समितिको बैठकका लागि विशेष महाधिवेशन एजेण्डा बनाएर अघि बढाउने तयारी गरेका थिए
- संस्थापनइतरका नेता डा. शेखरले गगन-विश्वको अभियानलाई दिएनन् साथ
- नयाँ प्रतिनिधि नछानी पुरानै प्रतिनिधिबाट महाधिवेशन गर्नु गलत हुने शेखर समूहको भनाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेन-जी आन्दोलनको ठीक महिना दिनपछि बिहीबार नेपाली कांग्रेसको पदाधिकारी बैठक बस्यो। उक्त आन्दोलनपछि पहिलोपटक भौतिक उपस्थितिमा पदाधिकारी बैठक बसेको हो।

भदौ २४ गते आगजनीबाट ध्वस्त भएको ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा बिहीबार दिउँसो १ बजेबाट सुरु भएको पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठक केन्द्रीय समितिको एजेण्डाबारे छलफल भएको जानकारी दिइएको छ। पार्टी सभापति शेरबहादुर देउवा नआउने भएपछि उपसभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा बसेको बैठकमा कांग्रेस केन्द्रीय सदस्य डा. शेखर कोइराला पनि सहभागी भए। पदाधिकारी बैठकमा कोइरालाको यो पहिलो उपस्थिति हो।

कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आइतबारबाट सुरु हुने केन्द्रीय समितिको बैठकका लागि विशेष महाधिवेशन एजेण्डा बनाएर अघि बढाउने तयारी गरेका थिए। यद्यपि, बिहीबारको बैठकमा महामन्त्री थापा र शर्माले नियमित महाधिवेशनमै जोड दिए।

विधानअनुसार कांग्रेसको महाधिवेशन आउँदो मंसिरभित्र भइसक्नुपर्छ। यसैले आफू नियमित महाधिवेशनकै पक्षमा रहेको थापाले बैठकमा बताए। 'कांग्रेसको वर्तमान कार्यसमितिको म्याद थप्ने प्रस्ताव असोज २६ को केन्द्रीय समितिमा म लैजान्न। सभापति देउवाकोमात्र होइन, म आफैं महामन्त्री गगन थापाको पनि म्याद थप नहुने कुरा हो यो। यो कार्यसमितिको म्याद अब थपिन्न,' थापाले भने। उनले नियमित महाधिवेशन नभएमात्र विशेष महाधिवेशनमा आफ्नो जोड रहने बताए।

यता अर्का महामन्त्री शर्माले पनि नियमित महाधिवेशनमै जोड दिए। 'नियमित महाधिवेशन मंसिर मसान्तभित्रै गर्न सकिन्छ। यसले सभापतिज्यूको बहिर्गमनलाई पनि सहज बनाउने छ,' शर्माले भने।

क्रमशः पृष्ठ २ मा

### सभापति देउवाको खोजी !



कांग्रेस सभापति शेरबहादुर देउवा महिना दिन हुँदा पनि सार्वजनिक भएका छैनन्। देउवाले बिहीबार पदाधिकारी बैठक डाकेपछि उनी सार्वजनिक हुन्छन् कि भन्ने चर्चा थियो। कांग्रेसले बैठक कोपण्डोलस्थित होटल हिमालयमा डाकेको थियो।

होटल हिमालयमा बैठक राख्ने भएसँगै पत्रकार सम्मेलनका लागि सञ्चारकर्मीलाई डाकिएको थियो। त्यहीँ देउवा सहभागी हुने धेरैको अनुमान थियो। तर कांग्रेसले बैठक सानेपामै राख्यो।

जेन-जी आन्दोलनका क्रममा भदौ २४ गते देउवा र उनकी पत्नी डा. आरजु देउवा बूढानीलकण्ठस्थित आफ्नै निवासमा पिटिएका थिए। केही सञ्चारमाध्यमले देउवा आरजुका भाइ भुषण राणाको झम्सीखेलस्थित निवासमा बसेको समाचार लेखेका थिए। उक्त घरमा प्रहरीले सम्पत्ति लुकाएको आशंकामा छापासमेत मारेको थियो।

भुषणसमेत विदेशमा रहेको बेला प्रहरीले उक्त घरमा ताल्चा फोडेर छापा मारेको थियो। त्यहाँ पुगेका प्रहरीले देउवा नभेटिएको बताएको थियो। कतिपयले देउवा अहिले छाउनीस्थित सैनिक अस्पतालमा उपचाररत रहेको बताएका छन्। नेपाली कांग्रेसले उनको अवस्थाबारे कुनै जानकारी सार्वजनिक गरेको छैन।

### सन्दर्भः वैदेशिक रोजगार

## वैदेशिक रोजगारीमा जाने महिलाको संख्या बर्सेनि बढ्दै

### पछिल्लो १० वर्षमा विदेसिए चार लाख ६६ हजारभन्दा बढी

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगारीमा महिलाहरूको आकर्षण बर्सेनि बढ्दै गएको छ। पछिल्लो १० वर्षमा नेपालबाट कूल ५९ लाख २२ हजार ४६४ जना वैदेशिक रोजगारीमा गएकामा चार लाख ६६ हजार ३१९ जना महिला रहेका छन्। उनीहरू खाडीदेखि विश्वका विभिन्न मुलुकमा गएका तथ्यांकमा देखिन्छ।

उक्त अवधिको समग्र तथ्यांक हेर्दा रोजगारीका लागि विदेसिएका कूल नेपालीमध्ये महिलाको हिस्सा ७.८७ प्रतिशत छ। पुरुषको हिस्सा ९२.१३ प्रतिशत अर्थात् ५४ लाख ५६ हजार १४५ जना गएका छन्। आर्थिक वर्ष २०७२/७३ यताका हरेक आर्थिक वर्षको तथ्यांकले रोजगारीमा जाने महिलाहरूको संख्या क्रमशः बढेको देखाउँछ। आव ०७२/७३ मा कूल छ लाख ४० हजार ९८१ जना वैदेशिक रोजगारीमा जाँदा ३१ हजार ९३४ जना महिला थिए। उक्त आवमा विदेसिनेमा ४.९ प्रतिशत महिला थिए। आव २०७३/७४ मा महिलाको संख्या बढेको पाइन्छ। उक्त आवमा वैदेशिक रोजगारीमा गएका कूल छ लाख ४२ हजार ८५९ जनामध्ये महिलाको संख्या ३३ हजार ५२० जना रहेको थियो। यस आवमा महिलाको हिस्सा ५.२१ प्रतिशत कायम भएको देखिन्छ।

यसैगरी आव २०७४/७५ मा थोरै बढेर महिलाको संख्या ५.३८ प्रतिशत हुन पुग्यो। त्यस वर्ष छ लाख १२ हजार ६८५ जना रोजगारीमा जाँदा महिला ३२ हजार ९६४ जना थिए। आव ०७५/७६ मा रोजगारीमा गएकाहरूको संख्या केही घटेको थियो। उक्त वर्ष पाँच लाख आठ हजार ८२८ जना रोजगारीमा जाँदा ६.३१ प्रतिशत अर्थात् ३२ हजार १२३ जना महिला गएका थिए।

**पछिल्लो १० वर्षमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने महिलाको संख्या**

| आव | संख्या |
|---|---|
| २०७२/७३ | ३१ हजार ९३४ |
| २०७३/७४ | ३३ हजार ५२० |
| २०७४/७५ | ३२ हजार ९६४ |
| २०७५/७६ | ३२ हजार १२३ |
| २०७६/७७ | २८ हजार ४३३ |
| २०७७/७८ | ११ हजार ४५६ |
| २०७८/७९ | ४९ हजार १२८ |
| २०७९/८० | ७२ हजार १३४ |
| २०८०/८१ | ८० हजार १७२ |
| २०८१/८२ | ९४ हजार ४५५ |

*स्रोतः वैदेशिक रोजगार विभाग*

कोरोना महामारीका कारण आव ०७६/७७ मा रोजगारीमा जानेको संख्या झण्डै आधाले घटेको थियो। तर महिलाहरूको आकर्षण भने निरन्तर बढेको पाइन्छ। उक्त वर्ष तीन लाख ६८ हजार ४२३ मात्र रोजगारीमा गएका थिए जसमध्ये २८ हजार ४३३ जना महिला थिए। महिलाहरूको यो संख्या ७.७१ प्रतिशत हो।

त्यसपछि आव ०७७/७८ मा महामारी उत्कर्षमा पुग्दा नेपालबाट रोजगारीमा जानेहरूको संख्या एक लाख ६६ हजार ६९८ जनामा सीमित भयो। अघिल्लो आवको तुलनामा महिलाहरूको उपस्थिति केही घटेको पाइन्छ। उक्त आवमा ६.८७ प्रतिशत अर्थात् ११ हजार ४५६ जना महिलामात्र रोजगारीमा गएका थिए।

महामारीको अन्त्यसँगै ०७८/७९ बाट वैदेशिक रोजगारीले फेरि पुरानै लय समात्यो। त्यस वर्ष छ लाख ३० हजार ९० जना युवा रोजगारीका लागि विदेसिए। जसमा ४९ हजार १२८ जना महिला थिए। यो जुन कूल विदेसिएकामध्ये ७.७९ प्रतिशत हो।

क्रमशः पृष्ठ २ मा




जनहितमा जारी सन्देश
प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# हाँडीगाउँमा जात्रा हेर्नेको लर्को



**काठमाडौं-** 'कहीँ नभएको जात्रा, हाँडीगाउँमा' भन्ने उखान नेपाली जनजिब्रोमा प्रचलित छ । यही अर्थात् चोक्काथुनारायणको जात्रा हेर्न यतिबेला हाँडीगाउँ क्षेत्रमा दर्शकको घुइँचो छ ।

काठमाडौं महानगरपालिका-५ स्थित हाँडीगाउँ क्षेत्रमा प्रदर्शन गरिने यो जात्रा हेर्न धेरै मानिस हाँडीगाउँ क्षेत्रमा जम्मा भएका छन् । प्रत्येक वर्ष कोजाग्रत पूर्णिमापछि गरिने यो जात्रा यस क्षेत्रको प्राचीन मौलिक संस्कृतिका रूपमा मानिँदै आएको छ । यो जात्रालाई तीननारायण एवं 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' समेत भनिन्छ । देशका अन्य स्थानमा हुने जात्रा खटको गजुर उल्टो नपारी गरिने र यहाँको नारायण जात्रा भने उल्टो पारेर गरिने भएकाले कहीँ नभएको जात्रा भन्ने गरिएको हो ।

चोकेटनारायणसमेत भनिने चोक्काथुनारायणको नाममा गुठी जग्गा समेत राखी जात्रा चलाउने व्यवस्था गरिएको थियो । गुठी संस्थानको लगतमा चोक्काथुनारायण एवं तीननारायणका नाममा गुठी जग्गा राखिएको उल्लेख छ ।

मन्दिरको ढोकामा रहेको नेवारी भाषाको अभिलेखअनुसार राजा नरेन्द्र मल्लको पालादेखि यो जात्रा सुरु भएको हो । चोक्काथुनारायणको मन्दिर बूढानीलकण्ठबाट ल्याई यहाँ स्थापना गरिएको 'हाँडीगाउँः एक परिक्रमा' पुस्तकका लेखक एवं यस क्षेत्रको सांस्कृतिक परम्पराका बारेमा अध्ययन गरिरहेका यज्ञनाथ आचार्यले जानकारी दिए ।

जात्रा सुरु भएका सम्बन्धमा एउटा किंवदन्ती प्रचलित छ। जनश्रुतिअनुसार मध्यकालमा हाँडीगाउँमा दुई दिदीबहिनी थिए । दिदी भगवान्प्रति पूर्णरूपमा आस्था राख्थिन् भने बहिनी घमण्डी हुनुका साथ भगवान्प्रति पनि उनको आस्था थिएन । विवाहपछि दुवै दिदीबहिनी गर्भवती भए । दिदीले समयमै बच्चा जन्माइन् । बहिनीको गर्भ रहेको १२ वर्षसम्म पनि बच्चा जन्मिएन । बहिनीले श्रीमान्सहित नारायणको आराधना गरिन् ।

सपनामा बूढानीलकण्ठ नजिकको पहाडमा रहेको नारायणको मूर्ति ल्याई उल्टो छाताकारका तीन खटको जात्रा चलाउनू तब तिमीहरूको उद्धार हुने छ भन्ने आज्ञा प्राप्त भयो । गर्भ रहेको १२ वर्षसम्म बच्चा नजन्मिएको दम्पतीले त्यसबेलाका राजा नरेन्द्र मल्लसँग गुहार मागे । राजआज्ञाबमोजिम तान्त्रिकहरू धिमे बाजा बजाई रंगी विरंगी लुगा लगाएर बूढानीलकण्ठ नजिकको पहाडमा गए ।

मैनको फूल चढाई नारायणको आराधना गरे । चोक्काथुनारायण (तीननारायण) जात्राको परम्परा चलाउने वचन दिए । नारायणलाई हाँडीगाउँ ल्याई यहाँका जनतालाई पर्ने दुःख तथा पीडालाई अन्त्य गर्न भनी चोक्काथुनारायण (तीननारायण) मन्दिर स्थापना गरे । यसै बेलादेखि जात्राको पनि सुरुआत भयो ।

मन्दिर स्थापना भएपछि प्रशव वेदनाको समयमा नारायणको मूर्तिमा तेल लगाउँदा वा जात्राको समयमा प्रयोग हुने मैनको फूल सिरानीमा राख्नाले वेदना कम हुने गरेको स्थानीयवासीको अनुभव छ । नारायणको शिरमा तेल खन्याउँदा दायाँतर्फबाट तेल खसे छोरा र बायाँतर्फबाट तेल खसे छोरीको जन्म हुन्छ भन्ने धारणा अहिले पनि रहेको सांस्कृतिक अन्वेषक आचार्यले सुनाए ।

नारायणको जात्रा कमलासनको तीन खट (बाबु, आमा, छोरा) बनाई खटको गजुरलाई उल्टो पारी घुसारेर तीन टोल घुमाई गजुर घुसारेको स्थानमा पूजा गरिन्छ । यो जात्रामा पाँच जनाले धिमेबाजा बजाउनुपर्ने र ३० जनाले खट बोक्नुपर्ने प्रचलन छ । जात्रा हेर्न हाँडीगाउँ क्षेत्रका सबै गुठियार जम्मा हुनुपर्ने नियम रहेको जनाइएको छ । *रासस*

# ओली र लेखकविरुद्धको जाहेरी प्रहरीमै फिर्ता



■ प्रभाव संवाददाता

**काठमाडौं-** जेनजी आन्दोलनको घटना जाँचबुझ आयोगले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकविरुद्धको जाहेरी बिहीबार प्रहरीमै फिर्ता पठाएको छ ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनको घटना जाँचबुझ गर्न सरकारद्वारा गठित आयोगका सदस्य एवं प्रवक्ता विज्ञानराज शर्माले उक्त जाहेरी आयोगको कार्यक्षेत्रमा नपरेकाले जिल्ला प्रहरी परिसर काठमाडौंमै फिर्ता गरिएको जानकारी दिए । यसअघि जिल्ला प्रहरी परिसर काठमाडौंमा परेको उक्त जाहेरी प्रहरीले दर्ता नगरी आयोगमा पठाएको थियो ।

बिहीबार आयोगले एक विज्ञप्ति जारी गरी फौजदारी वारदातमा विस्तृत अनुसन्धान तहकिकात गरी कसुरदार देखिने अवस्थामा अभियोजनसमेत लगाउने कार्य आयोगको कार्यक्षेत्रभित्र नपरेको जानकारी दिएको छ ।

उक्त घटनाको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गर्ने, घटना घट्नुको कारणका सम्बन्धमा यथार्थ जाँचबुझ गरी सोको यकीन राय सुझाव दिनेसहितको प्रतिवेदन पेस गर्ने र भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने तथा कारबाहीसम्बन्धमा आवश्यक राय दिने कार्यादेश आयोगले पाएको जारी विज्ञप्तिमा उल्लेख छ । आयोगले फौजदारी वारदातमा अनुसन्धान कार्य गर्न आयोगको प्रतिवेदन कुर्नु नपर्ने पनि स्पष्ट पारेको छ ।

# गृहमन्त्री र सुरक्षा निकायका प्रमुखहरूबीच छलफल

**काठमाडौं (प्रस)-** गृहमन्त्री ओमप्रकाश अर्यालले मुलुकको पछिल्लो शान्ति सुरक्षाको अवस्थाका विषयमा बिहीबार चारवटै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिसँग छलफल गरेका छन् ।

उक्त छलफलमा प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की तथा सैनिक उच्च अधिकारीको सहभागिता थियो ।

समग्र देशको शान्ति सुरक्षाका विषयमा छलफल भएको गृह मन्त्रालयले जानकारी दिएको छ । सो क्रममा सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिले आफ्नो क्षेत्रबाट भइरहेका कामका गतिविधिका साथै सुरक्षा अवस्था र पछिल्लो चुनौतीका बारेमा जानकारी गराएका थिए ।

बैठकमा सहभागी सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले समग्र शान्ति सुरक्षालाई कसरी थप प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा छलफल भएको जानकारी दिए ।

# पर्सा र बारामा हैजाविरुद्धको खोप दिइने

**काठमाडौं (प्रस)-** पर्सा र बारामा हैजाविरुद्धको खोप अभियान सञ्चालन गरिने भएको छ । ती जिल्लामा फैलिएको हैजाको महामारी तथा हालैको वर्षापछि आएको बाढीले ती क्षेत्रमा सिर्जना गरेको उच्च जोखिमलाई ध्यानमा राखी खोप अभियान सञ्चालन गरिने भएको हो ।

गत भदौ ६ मा पर्साको वीरगञ्ज महानगरपालिका-१२ को मुरली टोलबाट सुरु भएको हैजाबाट हालसम्म पर्सा र बारामा एक हजार ६८५ बिरामी भएका छन् । 'हैजा रोगविरुद्धको प्रतिकार्य खोप अभियान, २०८२'का बारेमा बिहीबार स्वास्थ्य मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा परिवार कल्याण महाशाखाका निर्देशक डा. विवेक लालले यही २०८२ असोज-कात्तिक महिनामा खोप अभियान सञ्चालन हुने जानकारी गराए । सो अभियान पर्सामा असोज २६ गतेदेखि र बारामा असोज २९ गतेदेखि सुरु भई तिहारअघि सम्पन्न गर्ने महाशाखाको योजना छ ।

सो खोप अभियानका लागि स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाले १० लाख १८ हजार १०० मात्रा खोप पर्सा र बारामा पठाउने तयारी गरेको जनाएको छ । निर्देशक लालकाअनुसार यस अभियानमा एक वर्षभन्दा माथि उमेर समूहका सबैलाई खोप दिइने छ । प्रतिकार्य स्वरूप सञ्चालन गरिन लागेको हैजाविरुद्धको खोप यस अभियानमा एक पटक दिइने छ । यो खोप मुखबाट खुवाइने खोप हो र यो सुरक्षित रहेको महाशाखाले जनाएको छ ।

यो खोप एक वर्षभन्दा माथिको उमेरका सबैले खानुपर्दछ । गर्भवती महिला र स्तनपान गराई रहने महिलालाई पनि यो खोप दिन सकिने जनाइएको छ ।

पृष्ठ १ बाट क्रमशः

## शेखरको साथ...

जबकि शर्माले मंगलबारमात्र विशेष महाधिवेशनका लागि तत्काल हस्ताक्षर गर्न महाधिवेशन प्रतिनिधिहरूलाई आग्रह गरेका थिए । शनिबार केन्द्रीय कार्यालयमा बुझाउनेगरी शुक्रबारसम्म हस्ताक्षर गरिसक्न शर्माको आग्रह थियो ।

### शेखरको साथ नपाएपछि 'ब्याक'

कांग्रेसमा विशेष महाधिवेशनको मागका लागि ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरी केन्द्रीय समितिमा प्रस्ताव गर्नुपर्छ । महामन्त्रीद्वय गगन-विश्वले चलाएको अभियानमा संस्थापनको साथ नरहने नै भयो । कांग्रेस केन्द्रीय समितिमा ८० प्रतिशतभन्दा बढी सदस्यहरू संस्थापन पक्षका छन् । संस्थापनइतरका नेता डा. शेखरलेसमेत गगन-विश्वको अभियानलाई साथ दिएन ।

विशेष महाधिवेशन भनेको पुरानै महाधिवेशन प्रतिनिधिहरूबाट गरिने महाधिवेशन हो । कांग्रेसले नयाँ प्रतिनिधि नछानी पुरानै प्रतिनिधिबाट महाधिवेशन गर्नु गलत हुने शेखर समूहको बुझाइ छ । 'पुरानै प्रतिनिधिबाट महाधिवेशन गर्नु जेन-जी आन्दोलनलाई बेवास्ता गर्नु हो । अहिले कांग्रेसलाई पुनर्ताजगी गर्न जेन-जीहरूकोसमेत सहभागिता गराउनुपर्छ । यो भनेको नयाँ महाधिवेशन प्रतिनिधि छनोट, त्यसपछि नियमित महाधिवेशन हो,' शेखरनिकट एक महाधिवेशन प्रतिनिधिले भने ।

महामन्त्रीद्वयले महाधिवेशन तयारीका लागि कार्यवाहक दिएर महाधिवेशन आयोजक समिति गठन गर्ने तयारीसमेत गरेका छन् । तर यसबारे बिहीबार कुनै छलफल नभएको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बताए । 'अहिले त्यो (कार्यवाहक सभापति) बारे कुनै कुरा भएको छैन, पार्टीको नियमित महाधिवेशन र आगामी नीतिबारेमात्र छलफल भए,' बैठकपछि महतले भने ।

### बैठक आज पनि

कांग्रेस पदाधिकारी बैठक आज दिउँसो १ बजे पुनः बस्ने भएको छ । पदाधिकारीहरूले धारणा राख्ने क्रम नसकिएकाले पुनः बस्नेगरी बैठक स्थगित भएको प्रवक्ता महतले बताए । 'पार्टीलाई विशेष परिवेशमा कसरी अगाडि बढाउने भनेर छलफल भइरहेको छ,' महतले भने, 'पदाधिकारी बोल्ने क्रम भोलि पनि जारी रहने छ, समयमा नियमित अधिवेशन हुनुपर्छ भन्ने कुरा आएको छ, मंसिरभित्रै सम्पूर्ण विधि प्रक्रिया पूरा गर्न सकिन्छ कि सकिँदैन भनेर छलफल भएको छ ।'

महतले गत भदौ २४ गतेको जेन-जी आन्दोलनमा व्यक्तिका निजी सम्पत्ति, नेता तथा व्यवसायी, राष्ट्रिय सम्पत्तिमाथि आगजनी गर्नेलाई कारबाहीमा ल्याउनुपर्छ भन्ने धारणा कांग्रेसको रहेको बताए । 'नेताहरूको घर जलाइएको छ, किसुनजीको आश्रम जलाइएको छ, लोकतान्त्रिक मूल्य मान्यतालाई सिध्याउने षडयन्त्र भइरहेको छ, यसमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ, आन्दोलनमा गोली चलाउनेको पहिचान गरेर कारबाही हुनुपर्छ,' उनले भने ।

उनले निर्वाचनका लागि कांग्रेस जहिले तत्पर रहेको भन्दै विश्वसनीय निर्वाचनका लागि सरकार गम्भीर नभए संसद् पुनर्स्थापनाको विकल्प हुन सक्ने धारणा राखे ।

■ ■ ■

## ओलीले...

कांग्रेसमा सभापति शेरबहादुर देउवापक्ष संसद् पुनर्स्थापनाकै पक्षमा उभिने ओलीको विश्वास छ । तर, महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मालगायत नेताहरू भने निर्वाचनको पक्षमै देखिएका छन् । तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रले भने पछिल्लो परिवर्तनलाई स्वीकार गरेर निर्वाचनमा जानुपर्ने मत सार्वजनिक गर्दै आएको छ । यद्यपि, माओवादीसमेत फागुन २१ मा प्रतिनिधिसभा निर्वाचन भइहाल्छ भन्नेमा ढुक्क देखिँदैन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका दलहरू निर्वाचनको पक्षमा उभिएका छन् ।

■ ■ ■

## वैदेशिक रोजगारीमा...

त्यसपछि ०७९/८० मा रोजगारीमा जाने महिला र पुरुष दुवैको संख्या बढेको थियो । उक्त आवमा सात लाख ७१ हजार ३२७ जना रोजगारीका लागि विभिन्न मुलुक गएका थिए । उक्त वर्ष ७२ हजार १३४ जना महिलाले वैदेशिक रोजगारीका लागि मुलुक छाडेका थिए, जुन उक्त आवमा विदेसिएका कूल संख्याको ९.३५ प्रतिशत हो ।

आव २०८०/८१ मा वैदेशिक रोजगारीमा महिलाहरूको उपस्थिति पहिलोपटक १० प्रतिशत नाघेको थियो । उक्त आवमा १०.८१ प्रतिशत अर्थात् ८० हजार १७२ जना महिला रोजगारीमा गएका थिए । त्यस वर्ष कूल सात लाख ४१ हजार २९७ जना रोजगारीमा गएका थिए ।

गत आर्थिक वर्ष ०८१/८२ मा हालसम्मकै सबैभन्दा बढी आठ लाख ३९ हजार २६६ जना रोजगारीमा गएका थिए । त्यस वर्ष रोजगारीमा जाने महिलाहरूको संख्या झण्डै एक लाख पुग्यो । उक्त आवमा ९४ हजार ४५५ जना महिला वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक गएको तथ्यांक छ । उक्त संख्या सो आवमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएकामध्ये ११.२५ प्रतिशत हो ।

सरकारले खाडी मुलुकहरूमा घरेलु कामदार पठाउन प्रतिबन्ध लगाएको छ । सरोकारवालाहरूले घरेलु कामदारका लागि लगाइएको प्रतिबन्ध हटाउनुपर्ने माग गर्दै आएका छन् । यदि सरकारले घरेलु कामदारको प्रतिबन्ध हटाएको खण्डमा वैदेशिक रोजगारीमा जाने महिलाहरूको संख्या ह्वात्तै बढ्ने वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।


**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८२/०६/२४**

यस बैंकका निक्षेपकर्ता श्री मान बहादुर लामिछानेको र श्री रजनी लामिछानेको छोरा, महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ०४ घर भई हाल महोत्तरी जिल्ला, बर्दिबास नगरपालिका वडा नं. ०२, बर्दिबास बस्ने वर्ष ५२ को श्री **नर बहादुर लामिछाने** (ना.प्र.नं. ०४९२३७५०, जारी मिति २०५३/०१/२९, महोत्तरी) को मिति २०८२/०४/१७ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको श्रीमती **आइतीमाया लामिछाने** ले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमती **आइतीमाया लामिछाने**को हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**मलेसियामा रोजगार** कम्पनी : AK TOP NOTCH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 332026 चलानी नं. ६०२४५७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५७,२१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



**ओमनमा रोजगार** कम्पनी : AI DUR AL THAMIN BUSINESS ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 332050 चलानी नं. ६०२४५७६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 150 | ५५,३३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४५१/०६०/६१
HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Cell: +977 9823348542,
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com



**कतारमा रोजगार** कम्पनी : JASSIM AND ABDULAAL CLEANING CO.

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 332077 चलानी नं. ६०२४५७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OFFICE CLEANER | 0 | 11 | 1000 | ३८,९१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



**साउदीमा रोजगार** कम्पनी : FACILITIES SERVICES COMPANY FOR OPERATION AND MAINTENANCE शहर :Riyadh

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 332095 चलानी नं. ६०२४५७१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 20 | 0 | 1000 | ३७,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FACILITIES SERVICES COMPANY FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 332096 चलानी नं. ६०२४५७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 20 | 0 | 1000 | ३७,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FACILITIES SERVICES COMPANY FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 332097 चलानी नं. ६०२४५७२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 20 | 0 | 1200 | ४५,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1573/079/080
SHREESHA INTERNATIONAL PVT.LTD.
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location



**कतारमा रोजगार** कम्पनी : MELAKA CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 331943 चलानी नं. ६०२४५६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BELL MAN | 5 | 4 | 1000 | ३८,९१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Ladies) | 0 | 2 | 1000 | ३८,९१९ | | | | | | | |
| 3 | Cleaners (Male) | 5 | 0 | 1000 | ३८,९१९ | | | | | | | |
| 4 | Cleaners/Housekeeping | 1 | 0 | 1000 | ३८,९१९ | | | | | | | |
| 5 | Dry Cleaning Worker | 0 | 2 | 1000 | ३८,९१९ | | | | | | | |
| 6 | GEN. CLEAN WORKER | 0 | 1 | 1000 | ३८,९१९ | | | | | | | |
| 7 | GEN.CLEAN WORKER | 0 | 1 | 1000 | ३८,९१९ | | | | | | | |
| 8 | Ground Steward (Female) | 0 | 3 | 1000 | ३८,९१९ | | | | | | | |
| 9 | Ground Steward (Male) | 2 | 0 | 1000 | ३८,९१९ | | | | | | | |
| 10 | Waiter | 6 | 9 | 1400 | ५४,४८७ | | | | | | | |

कम्पनी : NEW JERSEY WEDDING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 331944 चलानी नं. ६०२४५६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1800 | ७०,०५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaning Worker | 0 | 3 | 1000 | ३८,९१९ | | | | | | | |
| 3 | Guest Service Agent | 6 | 0 | 1500 | ५८,३७९ | | | | | | | |

कम्पनी : MELAKA CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ LT. No. 331945 चलानी नं. ६०२४५६८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICKS MASON | 6 | 0 | 1200 | ४६,७०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 7 | 0 | 1200 | ४६,७०३ | | | | | | | |
| 3 | Cleaners (Ladies) | 0 | 3 | 1000 | ३८,९१९ | | | | | | | |
| 4 | Ground Steward (Female) | 0 | 4 | 1000 | ३८,९१९ | | | | | | | |
| 5 | Labour | 12 | 0 | 1000 | ३८,९१९ | | | | | | | |
| 6 | Mason (Nepal) | 7 | 0 | 1200 | ४६,७०३ | | | | | | | |
| 7 | Painter | 6 | 0 | 1200 | ४६,७०३ | | | | | | | |
| 8 | PLASTER WORKER (MASON) | 4 | 0 | 1200 | ४६,७०३ | | | | | | | |
| 9 | Plumber | 4 | 0 | 1200 | ४६,७०३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENT PVT. LTD. LIC 537/061/62
ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com



**जापानमा रोजगार** कम्पनी : JMS COOPERATIVE

पूर्व स्वीकृति मिति २०८२/०६/२३ LT. No. 332045 चलानी नं. ६०२४५७४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 3 | 0 | 198334 | १,८३,९०८ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. ९१७/०६७/०६८
Aakriti Recruiting Pvt. Ltd.
Sinamangal Road (Near Hope Hospital), Kathmandu, Nepal, Tel.: +977-1-4110811, 4110826,
Email: aakritirecruiting@gmail.com, Web: www.arplteam.com, www.aakritirecruiting.com.np



**कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८२/०६/२४**

यस कम्पनीको मिति २०८२/०५/३१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **टिम रियल स्टेट कम्पनी**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **टिम ट्युरिजम एण्ड हस्पिटालिटी (दर्ता नं. २७०१८३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक १५४ असोज ८ गते २०८२ मा प्रकाशित Index Recruitment Pvt. Ltd. को Lot No. 331514 को विज्ञापनमा **कुवेतमा रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

श्रम इजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



**डाइभर्सन बनाइँदै** | गत साता रोशी खोलाको बाढीले बिपी राजमार्गको विभिन्न स्थानमा सडक कटान गरेपछि अस्थायीरूपमा सडक बनाउन काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका–६ चौकीडाँडामा 'डाइभर्सन' निर्माण गरिँदै । *तस्बिरः रासस*

# 'न्याय प्राप्त गर्ने नागरिकको अक्षुण्ण हक मर्न दिंदैनौं'

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्याय प्राप्त गर्ने नागरिकको अक्षुण्ण हक मर्न नदिने बताएका छन् ।

सर्वोच्च अदालतमा बिहीबार नेपाल बार एसोसिएसनका अध्यक्षसहित पदाधिकारीहरू, सर्वोच्च बार एसोसिएसनका अध्यक्ष तथा सचिव, महान्यायाधिवक्ता सविता भण्डारी बराल, नायब महान्यायाधिक्ताहरू, उपत्यका बार एसोसिएसनका अध्यक्ष तथा सचिवहरूसँग छलफल गर्दै प्रधानन्यायाधीश राउतले सो कुरा बताएका हुन् ।

'शीघ्र सेवा सञ्चालन गर्छौं,' प्रधानन्यायाधीश राउतले भने, 'सर्वोच्च अदालतको सूचना प्रविधिको 'रिकभर' हुनेबित्तिकै सर्वोच्च अदालत पूर्णरूपमा सञ्चालन हुन्छ ।'

सूचना प्रविधिको शाखाले दिनरात काम गरिरहेको उनले जानकारी दिए । प्रधानन्यायाधीश राउतले सर्वोच्च अदालतको पूर्णबैठक राखेर छलफल गरी थप धारणा सार्वजनिक गर्ने बताए । गत भदौ २४ गते जेन-जी आन्दोलनका क्रममा गरिएको आगजनीमा सर्वोच्च अदालत, जिल्ला अदालत काठमाडौं र उच्च अदालत तुलसीपुरमा ठूलो क्षति पुगेको थियो । हाल सर्वोच्च अदालतसहित देशभरका सबै अदालतमा अतिआवश्यक सेवा सञ्चालन भइरहेका छन् ।

नेपाल बारका अध्यक्ष प्रा.डा. विजय मिश्रले सर्वोच्च अदालतसहित देशभरका अदालत नियमितरूपमा सञ्चालन गर्नुपर्ने तथा बार र कानुन व्यवसायीसँग भएको मुद्दाका मिसिल झिकाउन सहयोग गर्ने बताए ।

'नेपाल बार र कानुन व्यवसायीसँग भएका मिसिल ल्याउन बारले सहजीकरण गर्ने छ, अदालत नियमितरूपमा सञ्चालन गर्नुपर्छ,' उनले भने, 'कतिपय पुराना मिसिल नचाइने काम तत्काल सञ्चालन गर्नु जरुरी छ ।'

नेपाल बारले यसअघि पनि प्रेस विज्ञप्ति जारी गरी अदालत नियमितरूपमा सञ्चालन गर्न आग्रह गरेको थियो । सर्वोच्च अदालतको भवन पूर्णरूपमा जलेको र धेरै मुद्दाका मिसिल जलेकाले पालमुनिबाट बन्दी प्रत्यक्षीकरणका मुद्दाको सुनुवाइ भइरहेको छ ।


## साउदीमा रोजगार

कम्पनी : ANMULAT AL KHYAR CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331961 | चलानी नं. ६०२४५८०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 3 | 0 | 1000 | ३७,८७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CIS License No. : 646/063/064

**Career International Services (P.) Ltd.**

धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

## साउदीमा रोजगार

कम्पनी : LIBAS AL-WASAMA COMPANY FOR GENTS TAILORING

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331978 | चलानी नं. ६०२४५७६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 3 | 0 | 1500 | ५६,७२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**

Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401

E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## युएइमा रोजगार

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331996 | चलानी नं. ६०२४५७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 200 | 0 | 1000 | ३८,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD. श्रम इजाजत नं. ३९७/०६०/०६१

**Future Star Manpower Pvt. Ltd.**

Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9813916322, 9810101810, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

## साउदीमा रोजगार

कम्पनी : HIGH DAM GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ | LT. No. 332091 | चलानी नं. ६०२४५७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 5 | 0 | 1000 | ३७,८७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.t** श्रम इजाजत नं. ५७४/०६२/०६३

Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


# इलाम तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा

**काठमाडौं (प्रस)-** सरकारले अविरल वर्षासँगैको बाढीपहिरोबाट प्रभावित इलाम जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले तीन महिनाका लागि इलामलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

यही असोज १८ गतेदेखि परेको अविरल वर्षाका कारण गएको पहिरो र बाढीमा परी पूर्वी पहाडी जिल्ला इलाममा ३९ जनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जानकारी दिएको छ । सोही घटनामा परी एक जना बेपत्ता र २६ घाइते भएका थिए । बाढी र पहिरोबाट इलामको सडक सञ्जालमा ठूलो क्षति पुगेको छ ।

बैठकले जलविद्युत् आयोजना निर्माणका लागि स्रोत व्यवस्थापन गर्न २० अर्ब रूपैयाँबराबरको ऊर्जा बण्ड चरणबद्ध रूपमा निष्काशन गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ । मन्त्रिपरिषद् बैठकले प्रहरी नायब महानिरीक्षकहरू सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विश्वकर्मालाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी पदस्थापन गर्ने निर्णय गरेको छ ।

बैठकले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग र सबै जिल्लाका जिल्ला समिति खारेज गरेको छ । मन्त्रिपरिषद् बैठकले त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति २०८१ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएको छ ।

अध्यागमन र भिजिट भिसाका सन्दर्भमा विगतदेखि देखिएका समस्या समाधान गर्न गठित उच्चस्तरीय अध्ययन एवं छानबिन समिति २०८२ ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि गृह मन्त्रालयमा पठाइएको छ ।

त्यस्तै नागरिक उड्डयन क्षेत्रको सुधारका लागि गठित उच्चस्तरीय अध्ययन एवं सुझाव समितिले पेस गरेको प्रतिवेदन २०८२ कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने निर्णय भएको सरकारका प्रवक्ता खरेलले जानकारी दिए ।

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०६/२४**

यस सा.व.उ.स. वाट संकलन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समिति, तनहूँवाट सा.व.उ.स. मा फिर्ता भएको समेत साल गोलिया काठ ५७२.५७ क्यू फिट र साल दाउरा १.५ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ। **फेदी सा. वन उपभोक्ता समूह, व्यास ९, तनहुँ ।**

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०६/२४**

यस सा.व.उ.स. वाट संकलन भएको साल गोलिया काठ १२७१.०८ क्यू फिट र जिल्ला वन पैदावार आपूर्ति समिति, तनहूँवाट सा.व.उ.स. मा फिर्ता भएको साल गोलिया काठ ३७६.०९ क्यू फिट लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ। **वाङ्सेसाल सा. वन उपभोक्ता समूह, म्याग्दे ६, तनहुँ ।**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/१०/२८ मा दर्ता भएको **प्रा. लि. नं. १८३७२१** को **बज्र फुड एण्ड बेवरेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०४/०६ मा दर्ता भएको **प्रा. लि. नं. १९३६४४** को **संस्कार निर्माण सेवा प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०६/२४**

**आर्यतारा इन्भेष्टमेण्ट कम्पनी प्रा. लि.** को मिति २०८२/०४/१६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आर्यतारा होल्डिङ्स प्रा. लि. (प्रा.लि नं. ३६५०५०)** कायम गर्ने गरी मिति २०८२/०५/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा रोजगार

कम्पनी : GOLDEN IDENTITY LIMITED COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331917 | चलानी नं. ६०२४५७०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Maintenance Supervisor | 1 | 0 | 1500 | ५६,७२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656, 980102050,

E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा रोजगार

कम्पनी : SANA CONTRACTING CO

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 331897 | चलानी नं. ६०२४५८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 3 | 0 | 1100 | ४१,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. ५४२/०६१/०६२

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np, Contact: (For Kathmandu) 9818184532, 9801064154, 9808658844,9828816646, Contact: (For Jhapa) 023590343, 9842716845, 9815933303

## साउदीमा रोजगार

कम्पनी : LARSEN & TOUBRO SAUDI ARABIA LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/२३ | LT. No. 332115 | चलानी नं. ६०२४५७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Consturuction Worker | 8 | 0 | 1000 | ३७,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker Loading & Unloading | 70 | 0 | 1000 | ३७,८२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd** श्रम इजाजत नं. ३८४/०५९/०६०

Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,

E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

## मलेसियामा रोजगार

कम्पनी : PERFECT TACTICAL RESOURCES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | LT. No. 332065 | चलानी नं. ६०२४५७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1700 | ५७,२३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९७१/०६७/०६८

**Reliance Recruitment Services Pvt. Ltd.**

Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,

Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np


## सेन्चुरी इनर्जी लिमिटेड

**का.म.न.पा. वडा नं. ९, काठमाडौं**

### आ. व. २०८१/८२ को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२३ गते**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस सेन्चुरी इनर्जी लिमिटेडको सञ्चालक समितिको मिति २०८०/०६/०७ को बैठकको निर्णयानुसार यस कम्पनीको ०८१/०८२ को साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरूलाई अनिवार्य उपस्थितिको जानकारीको लागि अनुरोध गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

मिति : २०८२ साल कार्तिक १५ गते, शनिबार (तदनुसार २०२५/११/०१)

स्थान : एटिक रेष्टुरेण्ट, ज्ञानेश्वर, काठमाडौं ।

समय : बिहानको ८:३० बजे ।

**छलफलका विषयहरू :**

**क) साधारण प्रस्तावहरू :**

१) सञ्चालक समितिको अध्यक्ष ज्यू बाट आ.व.२०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आसाढ मसान्त सम्मको वित्तीय विवरण, सोही अवधिको वार्षिक विवरण सँग सम्बद्ध अनूसुची छलफल गरी पारित गर्ने बारे ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

**ख) विशेष प्रस्तावहरू :**

१) कम्पनीको पूँजीको संरचना परिवर्तन तथा पूँजी वृद्धि गर्न प्रबन्धपत्र संशोधन गर्ने सम्बन्धमा ।

२) सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आ. व. २०८१/०८२ मा भएको कम्पनीको मुनाफाबाट कम्पनीको हालको चुक्ता पुँजीको १० प्रतिशत नगद लाभांश तथा २५ प्रतिशत बोनस शेयर गरि जम्मा ३५ प्रतिशत (कर सहित) लाभांश वितरण गर्ने ।

३) हकप्रद शेयर वा जगेडा शेयर जारी गर्ने, सोको माग गर्ने तथा बाँडफाँड गर्ने सम्बन्धमा सम्पूर्ण प्रकृया संचालन गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

४) सर्वसाधारणलाई कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा ।

५) साधारण शेयर जारी पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा ।

६) कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

७) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**सञ्चालक समितिको निर्णयानुसार**
**सञ्चालक अध्यक्ष/कम्पनी सचिव**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सरकार, चुनावी वतावरण सिर्जना गराऔं

जेन–जी विद्रोहपछि बनेको सरकारले पाएको म्याण्डेट हो, चुनाव सम्पन्न गराउने । फागुन २१ भित्र मध्यावधि गराउने म्याण्डेट प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारलाई छ । यद्यपि, जेन–जी विद्रोहको अर्को मुख्य माग हो भ्रष्टाचार नियन्त्रण । यसका लागि आगामी चुनावबाट जनादेश लिएर आउन जेन–जीलगायत यो आन्दोलनमा होमिएकाहरूलाई अवसर छ । व्यवस्था र संविधान संशोधन गर्ने थलो संसद् हो । जनताबाट निर्वाचित जनप्रतिनिधिले भ्रष्टाचार अन्त्यदेखि सुशासन कायममा काम गर्न सक्छन् ।

अहिले सरकारलाई भड्काउने खेलमा विभिन्न पक्ष लागेको देखिन्छ । सत्ताच्युत भएका निवर्तमान प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली भड्काउपूर्ण अभिव्यक्ति दिन थालेका छन् । आफूलाई सरकारले केही गर्न नसक्ने र चुनाव पनि नहुने उनको तर्क देखिन्छ । बोलीमा लगाम नभएको ओलीकै कारण देशले यस्तो दूर्गति भोग्नुपरेको छ । यस्तो अवस्थामा कार्की नेतृत्वको सरकार संयमित भएर लाग्नुपर्छ । पछिल्लो दिन नेकपा माओवादी केन्द्रले चुनावलाई साथ दिने देखिन्छ भने वार्ता र संवाद कायमै राखे नेपाली कांग्रेसले पनि सरकारलाई साथ दिने देखिएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले पनि प्रधानमन्त्री कार्कीसँगको भेटमा चुनावमा केन्द्रित हुन सुझाएका छन् । यसैले देशलाई मुठभेडतर्फ लैजानुभन्दा पनि शान्तिपूर्ण वातावरण सिर्जना गराउनु सरकारको मुख्य काम हो । यसलाई सहजीकरण गर्न सरकारले सबैसँग समन्वय गर्नुपर्छ ।

जेन–जी आन्दोलनका क्रममा सबैभन्दा त्रासमा कर्मचारीहरू देखिन्छन् । नेतादेखि कार्याकर्ताको घरमा आगजनी गरेका जेन–जी समर्थकहरूको अबको तारो आफूहरू बन्नुपर्ने हो कि भनेर कर्मचारी त्रासमा छन् । त्रास र डरमा उनीहरूले सरकारलाई सघाउने वातावरण नबन्न सक्छ । किनभने सरकारमा जोसुकै आए पनि काम गराउनुपर्ने कर्मचारीमार्फत नै हुन्छ । यस्तो अवस्थामा कर्मचारीलाई तर्साउने, धम्क्याउनेभन्दा पनि विश्वासमा लिएर काम गर्दा चुनावमात्र हैन अरु काम पनि सफल हुन्छन् । यसका लागि सरकारले विज्ञहरूको प्रयोग गरी चाँडोभन्दा चाँडो दलहरूसँग छलफल गर्नुपर्छ ।

जेन–जी आन्दोलनको क्रममा दोषी देखिने पात्रहरूलाई कस्तो कारबाही गर्ने भन्ने विषयमा अहिले नै तातिनुभन्दा गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन पर्खिंदा राम्रो हुन्छ । प्रमाणसहितको प्रतिवेदनले औंल्याएका दोषीलाई कारबाही गर्दा सरकारले पनि वाहवाही पाउने छ भने अभियुक्तहरू उम्कने बाटो हुँदैन । अहिले कुनै प्रमाणविना पक्रन खोज्दा वातावरण बिग्रिन सक्छ । त्यसैले कार्की नेतृत्वको सरकारले सुझबुझपूर्ण रणनीति अपनाउँदै चुनावी वातावरण बनाएर आफ्नो दायित्व पूरा गर्नुपर्छ ।

# प्रहरीको मनोबल गिराउने ‘हर्कत’



बैकुण्ठ भण्डारी

> जेन-जी आन्दोलनले ल्याएको यो परिवर्तनपछि नेपालमा भ्रष्टाचार र बेथितिको अन्त्य हुनुपर्दछ भन्ने मान्यता आमनागरिकले राखेका छन् । तर अन्तरिम सरकारले जेन-जी आन्दोलनको मर्मअनुरूप काम गर्न सक्ने संकेत देखिएको छैन । अझै पनि उही नागरिकको शान्ति सुरक्षामा खटिने नेपाल प्रहरीमाथि मनोबल गिराउने काम सरकारबाटै भएको देखिन्छ । नेपाल प्रहरीको मूल माउ संस्था गृह मन्त्रालयले नेपाल प्रहरीलाई जुन किसिमले उच्च मनोबलका साथ काम गर्न उत्प्रेरित गर्नु पर्ने थियो त्यो गर्न सकेको देखिँदैन । बरू जेन-जी आन्दोलनको माग सम्बोधन गर्ने नाममा गृहप्रशासन नै अन्तै गइरहेको हो कि भन्ने भान भइरहेको छ ।

*‘एक जुगमा एक दिन एकचोटि आउँछ*
*उलटपुलट, उथलपुथल, हेरफेर ल्यांउँछ*
*लाटासुधा बोल्न थाल्छन्, चल्न ओठ दुःखको*
*सहे भनी सम्झिएका इख फेर्न उठ्तछन्*
*गए भनी नदेखिएका फर्कीफर्की आउँछन्*
*सुते भनी सम्झिएका सुरुसुरु हिँड्छन्’*

गोपालप्रसाद रिमालका यी शब्दहरू ऐतिहासिक परिवर्तनका लागि आह्वान गरेको सन्देशका रूपमा हेर्ने हो भने अहिले साँच्चिकै युवा पुस्ताले चाहेको भनिएको परिवर्तन भएको छ । २०३६ साल होस् वा २०४६ सालहुँदै ०६२/६३ सालको जनआन्दोनलसम्म पनि नागरिकका कानमा यी शब्दहरू गुञ्जाइएका थिए ।

२०४६ सालको परिवर्तन ३० वर्षीय निरंकुश पञ्चायत व्यवस्था ढाल्न यी गीतहरूले नागरिकलाई उत्प्रेरित गरेकै कारण सफल भएको थियो । त्यही आन्दोलनले अन्तरिम सरकार गठन गरी नेपालमा व्यवस्था परिवर्तनसँगै नयाँ संविधान २०४७ जारी गर्न सफल भयो । जुन संविधानलाई ऐतिहासिक र विश्वकै उत्कृष्ट संविधानका रूपमा चर्चा चलाउन थालियो ।

प्रजातन्त्र प्राप्तिपछि नागरिकको अधिकार, वाक स्वतन्त्रता, मौलिक हकसँगै सुशासनसहित परिवारवादको अन्त्य हुने अपेक्षा गरियो । तर पञ्चायतमा निजामती सेवामा बसेर टेबलमुनिबाट कमिसन खान पल्केकाहरूले प्रजातन्त्रका नाममा टेबलमाथिबाट नै कमिसनको मोलमोलाइ गर्न थाले । प्रजातन्त्र प्राप्तिको उत्साह र उमंग लिएका जनताहरू निराश हुँदै सत्ता परिवर्तनको आन्दोलनलाई स्मरण गर्दै मौन बसे । जनता मौन बस्नुको अर्थ सत्ताधारी शासकहरूले जनताको कमजोरी ठान्दै कमिसन र परिवारवादलाई अझ मौलाउने अवस्थाको सिर्जना गरे ।

प्रजातन्त्र प्राप्तिपछि कांग्रेस, एमालेका नेतृत्वसँग नजिक भएकाहरूले राज्यको सम्पत्तिलाई दोहन सुरुआत गरे । पञ्चायतमा लुकेर खाने कमिसनलाई हाकाहाकी चलाउन थाले । कांग्रेस सत्तामा हुँदा बामपन्थीहरूले ढाल्ने, बामपन्थीको सरकार बन्न खोज्दा कांग्रेसले सत्ता ढाल्ने खेल सुरु भयो ।

प्रजातन्त्र प्राप्ति र नयाँ संविधान जारी भएको पाँच वर्ष पनि नपुग्दै २०५२ माघ २२ गते तत्कालीन नेकपा संयुक्त जनमोर्चाकोतर्फबाट बाबुराम भट्टराईले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० बुँदे ज्ञापनपत्र पेस गरी २०५२ साल फागुन १ गतेदेखि सशस्त्र युद्ध सुरु गरे । प्रजातन्त्र प्राप्तिको आधा दशक पनि बित्न नपाउँदै संसदीय व्यवस्था नै गलत रहेको भन्दै एउटा पक्ष युद्धमा होमिँदा मुलुकलाई द्वन्द्वमा प्रवेश गराएको थियो । त्यही युद्धले २०५३ साल पुस १९ गते पहिलोपटक रामेछापको बेथान चौकी आक्रमण गरी सुरक्षाकर्मीको मनोबल गिराउन सफल भयो ।

त्यसपछि निरन्तर प्रहरी चौकी आक्रमण, हातहतियार कब्जा, प्रहरीको हत्यालगायतका काम भए । करिब १० वर्षसम्म चलेको उक्त द्वन्द्वले नेपाल प्रहरीको मनोबल निकै नै गिर्दै गयो । त्यही बीचमा सशस्त्र प्रहरी बल गठन गरी माओवादीविरुद्ध परिचालन गरियो । अर्थात् नेपाल प्रहरीको मनोबल थप गिराउने काम भयो । र, कतिपय नेपाल प्रहरीको अधिकार कटौती गरी सशस्त्र प्रहरीलाई दिइयो । जसले नेपाल प्रहरी सडकमा लट्ठी बोकेर उभिने ‘चौकीदार’जस्तै हुन पुगेको थियो ।

नेपाल प्रहरीको अधिकार कटौती भएसँगै उसको भूमिका पनि परिवर्तन भए । जनतासँगै प्रहरी रहने भन्दै विभिन्न नारासहित नेपाल प्रहरीलाई समुदायसँग जोड्ने प्रयास त गरियो तर प्रहरीको छवि सर्वसाधारणका दृष्टिकोणमा परिवर्तन हुन सकेन । केही प्रहरीले सर्वसाधारणमाथि गरेको व्यवहार र हैरानीले नेपाल प्रहरीलाई बर्दीवाला ठग, हप्ता असुलीदेखि अनेक काण्डसँग जोड्ने काम गरियो । जनताको सुरक्षामा २४सै घण्टा खटिने नेपाल प्रहरीलाई हेर्ने दृष्टिकोण र भाष्य नै परिवर्तन गराइयो, जुन आजसम्म पनि हट्न सकेको छैन ।

२०६२/६३ को जनआन्दोलन होस वा गणतन्त्र प्राप्ति अघि र पछिका हरेक जुलुस, आन्दोलन, हुलदंगा, विपद्का अवस्थामा नेपाल प्रहरी नै सुरक्षाको अग्रपंक्तिमा उभिएको देखिन्छ । अनि आन्दोलनका क्रममा सबैभन्दा बढी घाइते हुने, अंगभंग हुने र मृत्युसम्म हुने संख्यामा पनि नेपाल प्रहरी नै भएको तथ्यांकले देखाउँछ । २०४६ सालको जनआन्दोलनमा ५५ जना नागरिक मारिए । माओवादी जनयुद्धका १० वर्षमा १७ हजार ८०० नागरिक, आठ हजार सुरक्षाकर्मी मारिएको तथ्यांकले देखाउँछ ।

त्यस्तै २०६४ सालमा भएको मधेस आन्दोलनमा ५० भन्दा बढी आन्दोलनकारी मारिएको देखिन्छ भने सुरक्षाकर्मी मारिएको तथ्यांक सार्वजनिक गरिएको देखिँदैन । २०७२ सालमा भएको टीकापुर घटनामा एकैदिन नौ सुरक्षाकर्मी र एक बालक मारिएका थिए । त्यसयता भएका छिटपुट आन्दोलनका घटनामा नागरिक मारिएका छन्, सुरक्षाकर्मी घाइते भएका छन् तर तथ्यांक स्पष्ट भेटिँदैन । त्यस्तै २०८१ सालमा राजावादीहरूको आन्दोलनका क्रममा दुई पत्रकार र एक प्रहरी मारिएका थिए ।

पछिल्लोपटक भएको भ्रष्टाचार र बेथितिविरुद्ध गएको भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा ७६ जनाको ज्यान गयो । ज्यान गुमाउनेमा विद्यार्थीदेखि, युवा र सुरक्षाकर्मी छन् । यो आन्दोलनले विश्वलाई नै चकित पार्ने गरी करिब ३० घण्टाको बीचमा नेपालको सत्ता नै परिवर्तन गरिदियो । जेन-जी आन्दोलनले सत्तामात्र परिवर्तन गरेन, देशको ऐतिहासिक धरोहरका रूपमा सिंहदरबार जलाइदियो । नागरिकको सर्वोच्च निकाय संसद् अनि सर्वोच्च अदालतमा आगो लगाइयो । नेपाल प्रहरीका अधिकांश भवन, सवारीसाधनमा आगजनी गरियो । जुन नेपालमा यसअघि भएका कयौं ठूला आन्दोलनहरूमा पनि भएको थिएन ।

२४० वर्षको इतिहास बोकेको शाह वंशीय राजतन्त्र ढाल्नका लागि भएको आन्दोलन होस् वा १० वर्षसम्म भएको जनयुद्धले पनि न्यायालयमाथि प्रहार गरेन । सर्वोच्च निकायमा कुनै क्षति भएन । तर अहिले ती सबै संरचना खरानी भए । देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार र त्यहाँ भएका ऐतिहासिक दस्तावेज पनि खरानी भए । सिंहदरबारका कुनै पनि संरचना एवं मन्त्रालयहरू आगोको लप्काबाट अछुतो रहेन । अर्थात् कवि रिमालले भनेजस्तै-

*'एक जुगमा एक दिन एकचोटि आउँछ*
*उलटपुलट, उथलपुथल, हेरफेर ल्यांउँछ'*

हो त्यही नै भयो । न विगतमा त्यस्तो भएको थियो न भविष्यमा हुन सक्छ । सायद एकै दिन १९ जना बालबालिकामाथि नरसंहार नभइदिएको भए त्यो अवस्था आउँदैनथ्यो कि भन्ने झिनो आशा नागरिकले नराखेको पनि होइन । १९ जना बालबालिकामाथि छाती, टाउकोमा ताकीताकी गोली हानेको आरोप सुरक्षामा खटिएका नेपाल प्रहरीलाई लाग्यो । हुन त त्यही आन्दोलनको सुरक्षा र संसद् भवनमा सशस्त्र प्रहरी बल पनि थियो । यद्यपि, त्यही गोली हानेको कारण भन्दै आन्दोलनकारीले नेपाल प्रहरीको अधिकांश चौकी र बिटमा आगो लगाए । प्रहरीलाई पोसाक खोल्न लगाएर नांगै सडकमा निकालियो । खोलैखोला लेखेटियो । यसरी नेपाल प्रहरीमाथि हदैसम्मको मनोबल गिराउने काम भएको देखिन्छ ।

आन्दोलनका क्रममा जे-जस्ता घटना भए पनि आन्दोलनले ठूलो परिवर्तन ल्याएको छ । विघटित प्रतिनिधिसभाका दुई ठूला दल नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धन सरकार सत्ताच्यूत भएको छ । प्रतिनिधिसभा विघटन भई सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ । अन्तरिम सरकार बनेको करिब एक महिना पुग्न लागिसक्दा पनि मन्त्रीमण्डलले पूर्णता पाउन सकेको छैन । आगामी फागुन २१ गतेका लागि निर्वाचनको मिति तय भइसकेको छ ।

जेन-जी आन्दोलनले ल्याएको यो परिवर्तनपछि नेपालमा भ्रष्टाचार र बेथितिको अन्त्य हुनुपर्दछ भन्ने मान्यता आमनागरिकले राखेका छन् । तर अन्तरिम सरकारले जेन-जी आन्दोलनको मर्मअनुरूप काम गर्न सक्ने संकेत देखिएको छैन । अझै पनि उही नागरिकको शान्ति सुरक्षामा खटिने नेपाल प्रहरीमाथि मनोबल गिराउने काम सरकारबाटै भएको देखिन्छ । नेपाल प्रहरीको मूल माउ संस्था गृह मन्त्रालयले नेपाल प्रहरीलाई जुन किसिमले उच्च मनोबलका साथ काम गर्न उत्प्रेरित गर्नु पर्ने थियो त्यो गर्न सकेको देखिँदैन । बरु जेन-जी आन्दोलनको माग सम्बोधन गर्ने नाममा गृहप्रशासन नै अन्तै गइरहेको हो कि भन्ने भान भइरहेको छ ।

नेपाल प्रहरीलाई पछिल्लो समय दिइएका दबाबले पनि शान्ति सुरक्षामा निकै चुनौती आउने संकेत देखिएको छ । हरेक आन्दोलनमा अग्रपंक्तिमा रही सुरक्षा गर्ने नेपाल प्रहरीमाथि मनोबल गिर्ने गरी भएका पछिल्ला घटनाक्रमले कुन उत्प्रेरणाले प्रहरीले नागरिकको सुरक्षामा अगाडि बढ्न सक्ला भन्ने प्रश्न उब्जिएको छ । अन्तरिम सरकारले तोकेको आगामी निर्वाचनमा पनि सबैभन्दा बढी सक्रिय र अग्रपंक्तिमा रहने नेपाल प्रहरीलाई उच्च मनोबलका साथ कर्तव्य निर्वाह गर्नेगरी उत्प्रेरित गर्न जरुरी छ । जनधनको सुरक्षामा खटिने सुरक्षाकर्मीको मनोबल गिराउन विभिन्न क्षेत्रबाट भइरहेका गतिविधि तत्काल रोकिनुपर्छ । अहिलेको सुरक्षा चुनौती सामना गर्न प्रहरीलाई दबाब होइन, उत्प्रेरणाको खाँचो छ ।

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

पाठक मञ्च

## प्रधानमन्त्रीज्यू, चुनाव गराउने कार्यादेशबाट अन्यत्र नमोडिनुस्

वर्तमान सरकारको प्रमुख कार्यादेश फागुन २१ मा तोकिएको प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्नु हो । राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री सुशीला कार्कीलाई चुनाव गराउने जिम्मा दिएकोमा निर्वाचनको मिति तोकिसकिएको छ । कार्की प्रधानमन्त्री भएको एक महिना हुन लाग्यो । तर, उनको पारा हेर्दा चुनाव हुनेमा आशंका छ ।

चुनाव गर्नका लागि राजनीतिक दलसँग संवाद गर्नुपर्छ । राजनीतिक दलका नेतृत्वहरूलाई बैठकमा बोलाएर उनीहरूसँग वार्ता गरेर अगाडि बढ्नुपर्नेमा प्रधानमन्त्री कार्कीको त्यस्तो कुनै सुरसार देखिँदैन । उनी राजनीतिक दलसँग संवाद गर्नै चाहदिनन् । अनि कसरी सम्भव हुन्छ, शान्तिपूर्ण, निष्पक्ष र भयरहित निर्वाचन ?

त्यसैगरी, नागरिकलाई पनि सरकारले विश्वास दिलाउन सक्नुपर्छ । तपाईंहरू निर्धक्क भएर भोट हाल्नुस्, सुरक्षाका निम्ति सरकार छ भन्ने प्रत्याभूति सरकारले गर्नुपर्छ । तर, अहिलेको सरकारमा त्यसको पनि अभाव देखिएको छ । जसका कारण चुनाव हुन गाह्रो छ । देश यतिबेला अप्ठेरो अवस्थामा छ । खतरा टरिसकेको छैन । यस्तोमा अन्तरिम सरकार त जसरी हुन्छ, चुनाव गराएर देशलाई निकास दिनतर्फ लाग्नुपर्ने हो । तर, अन्तरिम सरकारको मन्त्रीमण्डल चुनाव गराउनुभन्दा पनि नेताहरूलाई समात्नतर्फ लागेका छन् । यसले त झन् देशमा रडाको मच्चिने विश्लेषकहरू बताउँछन् ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दवाडी, प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई पक्राउ गर्नेबित्तिकै यहाँ लडाइँ हुन्छ । भदौ २३ र २४ गते भएको प्रदर्शनमा मरेकाभन्दा बढीले ज्यान गुमाउँछन् । त्यसपछि त चुनाव नै हुँदैन । देश झन् अस्थिरतातर्फ धकेलिन्छ भने अन्य राष्ट्रले नेपालमाथि हस्तक्षेप गर्छन् ।

यसमा अन्तरिम सरकार गम्भीर हुनुपर्ने छ । राष्ट्रपति पौडेलले पनि प्रधानमन्त्री कार्कीलाई उनको जिम्मेवारी फेरि याद दिलाउनुपर्ने भएको छ । अब राजनीतिक दल होस् या जेन-जी, चुनावमा जाने हो । चुनावबाट जो आउँछ, उनीहरूले व्यवस्था परिवर्तन गर्छन् कि संविधान, त्यो उनीहरूको कुरा हो । अहिलेको सरकार शान्तिपूर्णरूपमा चुनाव गराएर बाहिर निस्किनेतर्फ मात्र केन्द्रित हुनुपर्छ । जेन-जी आन्दोलनकै नाममा मुलुकले ठूलो क्षति खेपिसकेको छ, अब खेप्न सक्ने अवस्था छैन । सुशीला सरकार जेन-जीले देखाएको बाटो हिँड्ने होइन कि निर्वाचन गराउनतर्फ लाग्ने हो ।

जेन-जीले जति सजिलो सोचेका छन्, त्यति सजिलो रूपमा यो संविधान आएको होइन । संविधान बन्नका लागि यहाँ रगतको खोलो बगेको छ । २०४ वर्षे राजतन्त्र हटेर लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याउन पनि निकै संघर्ष भएको छ । नेपाली सेनालगायत सुरक्षाकर्मीले थेग्न नसकेपछि पूर्वराजा ज्ञानेन्द्र शाह नागार्जुनको जंगल पसे । अस्ति जेन-जीले गरेकोजस्तो आन्दोलन होइन, माओवादीको आन्दोलन । माओवादीले व्यवस्था परिवर्तन भयो, जेन-जीले के गरे ? सरकार ढाल्दैमा आफूले जिते भन्नु जेन-जीको भूल हो ।

सुशीला सरकार नेताहरूलाई समात्नतर्फ होइन, उनीहरूलाई समावेश गरेर चुनाव गराउनतर्फ लाग्नुपर्छ । जेन-जीहरूलाई पनि स्पष्टरूपमा ‘जनतामा जानु’ भनिदिनुपर्‍यो । चुनावको मिति घोषणा भइसकेको छ, अब चुनावमा जाने हो । कसलाई मतदान दिएर जिताउने हो ? यो जनताको अधिकारको कुरा हो । जनताको अधिकारमाथि हस्तक्षेप गर्ने अधिकार न सुशीला सरकार छ न जेन-जीसँग ।

प्रधानमन्त्री कार्की र गृहमन्त्री ओमप्रकाश अर्याल सबै नेपालीको प्रधानमन्त्री र गृहमन्त्री हुन् । तर, उनीहरू काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह र जेन-जीको सरकारमात्र हुन् भन्ने महसुस जनताले गर्न थालेका छन् । बालेन र जेन-जीले जे-जे भन्यो, त्यही सुन्छन् । जेन-जीले भनेबमोजिम ओली, लेखक, दवाडी, रिजाललगायतको पासपोर्ट रोक्का गरिएको छ । उनीहरूलाई जिल्लाबाहिर जान रोक लगाइएको छ । जेन-जीकै मागअनुसार कार्की र अर्यालले ओली, लेखकलगायतलाई पक्राउ गर्न खोजेका थिए । तर, प्रहरीले देशमा रक्तपात हुने र देशले क्षति थेग्न नसक्ने बताएपछि उनीहरू रोकिएका हुन् ।

अन्तरिम सरकार जेन-जीले भनेअनुसार नै चल्ने हो भने देशमा तहल्का मच्चिन्छ । त्यसलाई रोक्नका लागि सरकारले ध्यानपूर्वक कदम चाल्न जरुरी छ । नेताहरू अहिले पनि देशमै छन् । अन्य मुलुकमा भएको आन्दोलनमा राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्म भागे, तर यहाँका नेताहरू भागेका छैनन् । नभाग्नुको कारण प्रस्टै छ- उनीहरू फर्किएर आउने छन् । उनीहरू अझै डराएका छैनन् । नेताहरू जेन-जीले थुन्छ भन्दैमा भाग्नेवाला छैनन् । त्यसैले सरकारलाई चुनाव गराउनेभन्दा दायाँबायाँ मोड्ने छुट छैन ।

- **रूषा थापा**, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**सेवाग्राहीको चाप** | दसैंपछि बिहीबार नागरिकता र राहदानी बनाउनका लागि जिल्ला प्रशासन कार्यालय गुल्मीमा कार्यालय खुल्नु समयअघि नै कार्यालय परिसरमा लामबद्ध सेवाग्राहीहरू । *तस्बिरः रासस*

# अस्पताल भवन निर्माणमा ढिलाइ हुँदा उपचार सेवा प्रभावित

**तम्घास (गुल्मी)**– नयाँ भवन निर्माणमा ढिलाइ हुँदा यहाँस्थित जिल्ला अस्पतालको उपचार सेवा प्रभावित बनेको छ । वि.सं. २०७७ मा सदरमुकाम तम्घासमा ५० शयचाको नयाँ भवन निर्माण सुरु गरिएको थियो । पुरानो भवनमा साँघुरो गल्ली र साना कोठामात्र छन् । छ वटामात्रै बहिरंग कक्ष छन् । 'भिडियो एक्सरे' र शल्यक्रिया गर्ने ठाउँमा पानी चुहिन्छ । पानी चुहिँदा विद्युत् सट हुने गरेको छ । पुरानो टिनको छानाबाट सेवा दिनुपर्दा सेवा दिने र लिने दुवैलाई कठिनाइ भएको छ ।

नयाँ भवन नबन्दा 'आइसियू' समेत सञ्चालनमा ल्याउन नसकिएको अस्पतालका चिकित्सक विभव बस्यालले गुनासो गरे । 'एउटै कक्षमा दुई-तीनजना डाक्टर बसेर सेवा दिनुपर्ने अवस्था छ,' उनले भने, 'पुरानो भवनबाट सेवा दिन निकै अप्ठ्यारो छ ।' डाक्टर बस्यालले हाल दैनिक ४०० सम्म बिरामी उपचारका लागि आउने गरेको बताए ।

भवन निर्माणमा ढिलाइ भएपछि रेसुंगा नगरपालिकाका प्रमुख, प्रमुख जिल्ला अधिकारी, अस्पताल विकास समितिलगायतले छिटो निर्माणको पहल गरे पनि निर्माण व्यवसायीले कामको गति अघि बढाएनन् ।

'भारतबाट सामान मगाउनुपर्ने छ, आएको छैन भन्छन्,' अस्पताल विकास समितिका अध्यक्ष गोपाल पाण्डेले भने, 'विभिन्न बाहानामा काममा ढिलाइ गरेका छन् ।' संघीय आयोजना कार्यान्वयन एकाइ, रूपन्देहीमार्फत स्वच्छन्द/बाँनिया जेभी मकवानपुरले अस्पताल निर्माणको



जिम्मा पाएको थियो । भवनको कूल लागत २५ करोड ६४ लाख रूपैयाँ छ । २०७८ असार १८ गते भवन निर्माणको सम्झौता भएकामा त्यसको दुई वर्षभित्र अर्थात् २०८० असार १७ गते काम सकिनुपर्ने थियो ।

पछिल्लो समय तीनपटक म्याद थप भई गत २०८१ पुससम्म थप गरिएको छ । आयोजनाका इञ्जिनियर सुशील रसायलीले निर्माणको ८० प्रतिशत काम सकिएको जानकारी दिए । *रासस*

# पुख्र्यौली सीपको सदुपयोग गर्न घरमै उद्योग स्थापना

**दोधारा चाँदनी (कञ्चनपुर)**– शुक्लाफाँटा नगरपालिका-७ का जगतबहादुर सिंहलाई यतिबेला कपडा उत्पादन र तयारी पोसाक बनाउन भ्याइनभ्याइ छ । चाडपर्वका कारण बजारमा माग बढेपछि श्रीमान्, श्रीमतीसहित परिवारका सदस्य कपडा बुन्न र सिलाउन व्यस्त देखिन्छन् ।

घरमै तान बनाएर सुरु गरिएको उद्योगमा धागो कात्ने, कपडा बुन्ने र पोसाकसमेत तयार गरिन्छ । पुख्र्यौली सीपलाई पुस्तान्तरण गर्न स्थापना गरिएको उद्योगमा अहिले अल्लो, गाँजा, बाँस र ऊनका कपडा उत्पादन हुने गर्दछन् । यसबाट सीपको सदुपयोग र परिवार नै स्वरोजगार भएको सिंह बताउँछन् । 'हाम्रा पुर्खाले दार्चुलामा हुँदा राडी पाखीको काम गर्थे, हाम्रा पूर्खाबाट सीकेको सीपलाई सदुपयोग गर्न घरमै उद्योग स्थापना गरेका हौं,' सिंहले भने, 'तीन लाख लगानीमा हाते मेसिनबाट सुरु गरेको उद्योगमा अहिले २० लाख रूपैयाँ लगानी पुगिसक्यो ।' उनले अहिले चारवटा मोटर मेसिन थप गरेर उद्योगमा थप लगानी गरेको बताए ।

'एक जना भारतीय कामदार राखेका छौं, दुई छोरा, श्रीमती र आफू पनि उद्योगमै काम गर्छौं,' उनले भने, 'यसबाट हाम्रो परिवारको खर्च चलेको छ, सन्तुष्ट छौं ।' सुरुआतका वर्षहरूभन्दा पछिल्ला वर्षमा तयारी कपडाको माग धेरै आउने गरेको उनले बताए । सिंह परिवारको पुख्र्यौली पेसा नै कपडा बुन्ने हो । दार्चुलामा राडीपाखी बनाएर बिक्री गर्ने उनीहरू २०४४ सालमा तराई बसाइँ सरे । त्यसपछि पुख्र्यौली पेसाले



निरन्तरता पाउन नसके पनि ३५ वर्षपछि पारिवारिक सल्लाहपछि पुनः आफ्नो कामलाई सुरुआत गरेको उनको भनाइ छ ।

'सीप हुँदाहुँदै त्यतिकै बस्नुभन्दा उद्योग स्थापना गरौं भन्ने एक दिनको पारिवारिक बसाइँमा सल्लाह भयो,' सिंहले भने, 'उद्योग स्थापनापछि हरेक वर्ष राम्रो आम्दानी हुँदै गएको छ, गत वर्षमात्रै तीन लाख रूपैयाँ आम्दानी भयो ।' घरमै उद्योग स्थापना गर्दा कामदारको समस्या भोग्नुपरेको उनी बताउँछन् । 'अहिले पनि उद्योगमा कामदार पाउन मुस्किल छ, भारतीय कारिगरमात्रै छन्,' उनले भने, 'देशभित्र मिहेनत गर्ने बानी छैन सबैमा विदेश मोह छ ।'

उनले आफूले स्वदेशमै कच्चापदार्थ प्रशोधन गरेर धागो उत्पादन गर्ने गरेको बताए । केही कच्चापदार्थ भने भारतबाट आयात गर्ने गरेको उनको भनाइ छ । कपडाभन्दा तयारी पोसाकको माग धेरै आउने गरेकाले अहिले तयारी पोसाक उत्पादनमा जोड दिएको सिंह बताउँछन् । 'स्थानीय उत्पादन टिकाउ पनि हुन्छ स्वास्थ्यका लागि पनि फाइदाजनक छ,' सिंहले भने, 'सुरुआतमा बजारमा समस्या थियो अहिले माग धेरै आउने गरेको छ ।'

प्राकृतिक फाइबरबाट निर्मित कपडा शरीरका लागि निकै फाइदाजनक मानिन्छ । यसको निर्माणका लागि अल्लो र गाँजाको धागोमात्रै उत्पादन हुने गर्दछ भने कटनका लागि भारतबाट धागो आयात गर्नुपर्ने झण्झट छ । त्यसैले यस्ता कच्चापदार्थ स्वदेशमै उत्पादन गर्न सके त्यसले घरेलु उद्योग सञ्चालनमा निकै टेवा पुग्ने उनको भनाइ छ । *रासस*

# भूमिहीनको पीडा: ५० वर्षदेखि बसोबास तर छैन जग्गाको स्वामित्व

**कञ्चनपुर**– कृष्णपुर नगरपालिका-३ का बासिन्दाले ५० वर्षदेखि चलनभोग गर्दै आएको जग्गाको स्वामित्व अझै पाउन सकेका छैनन् । तत्कालीन सुकुम्बासी आयोगले सेतो जग्गाधनी प्रमाणपुर्जा वितरण गरे पनि त्यसले मान्यता नपाउँदा स्थानीय बासिन्दा स्वामित्वविहीन अवस्थामा रहेका हुन् ।

जग्गाको स्वामित्व नपाउँदा स्थानीयले आफ्नो जग्गा बैंकमा धितो राखेर कारोबार सुरु गर्न, उद्यमशीलता कार्यक्रम अघि बढाउन र सरकारी सहुलियत पाउन नसकेको बताएका छन् । स्थानीय गंगाराम चौधरीकाअनुसार वि.सं. २०६७ सालमा तत्कालीन सुकुम्बासी आयोगले नापनक्सा गरी राजस्व बुझाएर जग्गा रजिस्ट्रेसनसहित पुर्जा उपलब्ध गराएको थियो । 'त्यो पुर्जालाई कानुनी मान्यता नदिँदा अझै स्वामित्वविहीन बन्न पुगेका हौं,' चौधरीले भने ।

हालै विघटन भएको भूमि आयोगले पुनः नापनक्सा गरी रजिस्ट्रेसनको काम सम्पन्न गरेको र राजस्व पनि बुझाइसकेका भए पनि पुर्जामात्र वितरण हुन बाँकी रहेको स्थानीय दीपक खत्रीले जानकारी दिए । उनका अनुसार मालपोत कार्यालयका कर्मचारीको ढिलासुस्तीका कारण पुर्जा वितरण प्रक्रिया अघि बढ्न सकेको छैन ।

सेतो पुर्जा प्राप्त गरे पनि मान्यता नपाएका वडाका ९१ परिवारसँग झण्डै ९० हेक्टर क्षेत्रफलको जग्गा रहेको खत्रीले बताए । ती परिवारले हालको भूमि आयोगमा राजस्वबापत १३ लाख रूपैयाँभन्दा बढी रकम बुझाइसकेका छन् । स्थानीय अझै पनि पुर्जा नपाउँदा जग्गाको कानुनी स्वामित्व सुरक्षित गर्नबाट वञ्चित भएका छन् ।

जग्गाको स्वामित्व नपाएका जग्गाधनी किसानले प्रमुख जिल्ला अधिकारी, मालपोत कार्यालय प्रमुख, नापी कार्यालय प्रमुख र भूमि आयोगका पदाधिकारीसँग भेट गरी तत्काल पुर्जा उपलब्ध गराउन माग गरेका छन् । जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा पालिका प्रमुखको सहभागितामा बसेको सरोकारवालाको बैठकले जग्गाधनी पुर्जा वितरणका लागि ठोस पहल गर्ने प्रतिबद्धता जनाएको खत्रीले बताए । प्रतिबद्धता जनाएका छन् तर प्रक्रिया अझै अगाडि नबढेको उनको भनाइ छ ।

स्थानीय बासिन्दाले वि.सं. २०३२ देखि बसोवास गर्दै आएको जग्गा चलनभोग गर्दै आएका छन् । 'आयोग गठन र विघटनको पुनरावृत्तिका कारण जग्गाको स्वामित्व पाउन नसकेका हौं,' स्थानीय लक्ष्मण कार्कीले भने, 'निरन्तर अन्योलमा पर्दै आएका छौं ।' स्थानीय बासिन्दाले तत्काल पुर्जा वितरण गरी दीर्घकालीन समाधानका लागि सरकारले ठोस पहल गर्नुपर्ने माग गरेका छन् । *रासस*

# तीन वृद्धाको निःशुल्क आँखाको शल्यक्रिया

**चितवन (प्रस)**– भरतपुर आँखा अस्पतालले विश्व दृष्टि दिवसको अवसरमा तीन वृद्धाको आँखाको निःशुल्क शल्यक्रिया गरेको छ । देवघाट क्षेत्र विकास समितिद्वारा सञ्चालित देवघाट समाज कल्याण केन्द्रमा आश्रित अन्दाजी ७५ वर्षीया वृद्धाहरूको आँखाको मोतियाविन्दुको शल्यक्रिया गरिएको हो ।

अस्पतालका प्रशासक दयाशंकर चौधरीका अनुसार दिवसको सन्दर्भ पारेर बुधबार शल्यक्रिया गरी बिहीबार बिहान आँखाको पट्टी खोलिएको हो । वृद्धाहरूलाई आवातजावतदेखि खानपान र शल्यक्रियासम्म सबै छुट दिइएको हो ।

अस्पतालले बिहीबार बिहान आयोजना गरेको कार्यक्रममा नेपाल नेत्रज्योति संघका केन्द्रीय कोषाध्यक्ष चिजकुमार मास्के, संघका जिल्ला सभापति जयराम श्रेष्ठ, उपसभापति जेतेन्द्र खड्का, देवघाट क्षेत्र विकास समितिका अध्यक्ष डा. इश्वरीराज लौडारी, कार्यकारी निर्देशक सदन बराल लगायतले समयमा उपचार पाएमा दृष्टिविहीन हुनबाट बच्न सकिने भन्दै यस अवसरमा जनचेतना जगाउनुपर्नेमा जोड दिएका थिए ।

### ४४ प्रहरीको आँखा परीक्षण

यसै अवसरमा भरतपुर आँखा अस्पताल ठोरीमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको निःशुल्क आँखा परीक्षण गरिएको छ । सो अवसरमा ४४ प्रहरीको आँखा परीक्षण गरिएको जानकारी दिइएको छ । आँखा परीक्षणका क्रममा २४ जनालाई औषधि र सात जनालाई चस्मा निःशुल्क वितरण गरिएको छ ।

## LALJHADI RURAL MUNICIPALITY
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

Shankarpur, Kanchanpur
Sudurpaschim Province nepal

## Letter of Intent to award the contract

Date: 2082/06/22

This is to notify to all concerned bidders as per 27 (2) & 47 of Public Procurement Act, 2063 that, it is our intention to award following contract as per IFB notice published on PPMO'S Procurement Portal https://bolpatra.gov.np/egp/ on **2082/06/05** to following-bidder which is selected as substantially responsive evaluated bidder.

| Contract Id' | Name of Project | Name & Address of Successful Bidder | Bid Price (With VAT) | Remarks |
|---|---|---|---|---|
| LAL/REV/ NCB/ 082/083-02 | Extraction of River Materials in Doda River Laljhadi-05 | Kalika- ojhaswijv Kageshwori- 7, Kathmandu, Nepal | 93,91,555.43 | |

***Chief Administrative Officer***


## मलेसियामा रोजगार

कम्पनी : CPP SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331380 | चलानी नं. ६०२४५२२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1700 | ५७,१९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SHELTER SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | LT. No. 331381 | चलानी नं. ६०२४५२०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ५७,१९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (16th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60

NEPAL PLACEMENT AGENCY PVT. LTD.

Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999, Mob: Nepaljung: 9858024576, 9868127802
Rautahat: 9843195764, Dhangadi: 9848844526, Butwal: 9801977544, KTM: 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com

## साउदी/बहराइनमा रोजगार

कम्पनी : IBRAHIM ADHA AL OTAIBI TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०६/२३ | LT. No. 320574 | चलानी नं. ६०२३४७५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1200 | ४५,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAMMONAH SANDWICHES

पूर्व स्वीकृति मिति : २०८२/०६/१२ | LT. No. 331865 | चलानी नं. ६०२४५५२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF ASSISTANT. | 5 | 0 | 120 | ४५,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ३१ गते (17th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४

Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


## कालिमाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रामपुर सल्यान
कर्णाली प्रदेश नेपाल

## बोलपत्र स्वीकृति गर्ने आशयकोको सूचना

(सूचना प्रकाशित मितिः २०८२ । ०६ । २४)

उपरोक्त विषयमा यस कार्यालयकोः KRM/NCB/GOODS/२०८२/८३/०३ र KRM/SQ/GOODS/२०८२/८३/०२ का लागि प्रकाशित सूचना वमोजिम पर्न आएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयपत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर. सहित) |
|---|---|---|---|---|
| 1. | KRM/NCB/GOODS/ २०८२/८३/०३ | babai nadiko bibhinna ghat (batule kusumtara, swamibas kuine, kuinekhola,dhunga chhetra) | Dipesh construction and supplier koholpur 12 banke | 3695100/00 |
| 2. | KRM/NCB/GOODS/ २०८२/८३/०२ | sarada Nadi (tribeni simana, majhkhola dovan, kalidhara, koltara, khaireni, piple, puruwakhet, simle chhahara, jumkhola dovan.jumkhola chhetra ) | Beest Nirman sewa sarada Municipality ward no.3 salyan | 1099398/63 |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

**'भुन्ड' का अभिनेताको हत्या**

अमिताभ बच्चनको फिल्म 'भुन्ड'मा अभिनय गरेका अभिनेता प्रियांशु ठाकुर उर्फ बाबु रविसिंह क्षेत्रीको निर्मम हत्या भएको छ । नागपुरको ओमसाई नगरमा साथी ध्रुवलालबहादुर साहुको साथमा प्रियांशु रक्सी पिइरहेका थिए । उनीहरूबिच बहस भयो । पछि यो बहस भगडामा परिणत भयो । त्यसपछि आरोपीले प्रियांशुलाई तारले बाँधे, धारिलो हतियारले निर्मम हत्या गरेको एनबीटीले आफ्नो समाचारमा भनेको छ ।



शुक्रबार, २४ असोज २०८२ (Friday, 10 October 2025)

# बिक्की निर्देशनमा 'ककाकिकी' छायांकनमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ फिल्म 'ककाकिकी'को छायांकन सुरु भएको छ । बिहीबार शुभमुर्हुत गर्दै ३५ दिने तालिका तय गरेर निर्माण टिमले पर्वतको भूकदेउरालीबाट छायांकन सुरु गरेको हो । अबको २० दिन पर्वतमा गाउँको परिवेशका दृश्यहरू छायांकन हुनेछ । त्यसपछि काठमाडौंमा छायांकन गरिने फिल्मका निर्देशक बिक्की अगरवालले जानकारी दिएका छन् ।

अहिले छायांकनमा फिल्मका सबैजसो कलाकार पुगेका छन् । अभिनेत्री तृप्ती नाडकर, रेखा थापा, दिया मास्के, सुभास गजुरेल, महेश त्रिपाठी, सुवर्ण थापा लगायतका कलाकार अहिले छायांकनस्थलमा छन् ।

साथै अभिनेत्री गौरी मल्ल केहिदिनमा पुग्ने फिल्मकी अर्की निर्देशक श्रृद्धा प्रसाईंले जानकारी दिइन् । प्रसाईंका अनुसार छायांकन सुरु भएको छ । अन्य केहि कलाकार बिचमा जोडिदै जानेछन् ।

फिल्म 'ककाकिकी' चर्चित हास्य शो 'कमेडी दरबार' टिमले निर्माण गर्न लागेको हो । 'कमेडी दरबार'कै निर्देशकद्वय बिक्की र श्रृद्धाले नै फिल्मलाई निर्देशन गर्दैछन् भने फिल्मको लेखक पनि बिक्कीसँगै बिकाश अर्याल र सरोज भण्डारी हुन् । यस्तै फिल्ममा स्क्रिन प्लेपनि बिक्की कै रहेको छ भने विश्वास तिम्सिना स्क्रिप्ट डाक्टरको रूपमा रहेका छन् । फिल्मको सहायक निर्देशन अनिश बुढाथोकीले गर्नेछन् । फिल्मको डिओपीको जिम्मा सुदिप बरालले सम्हालेका छन् ।

निर्माण टिमले यसअघि गएको साउनको दोस्रो हप्तामा फिल्मको एक पोस्टर सार्वजनिक गर्दै औपचारिक घोषणा गरेको थियो । जुन पोस्टरमा अभिनेत्री रेखा थापा, गौरी मल्ल, तृप्ती नाडकर र अभिनेता महेश त्रिपाठीलाई अनौठो अवतारमा चित्रण गरिएको थियो । जुन पोस्टरका कारण पनि फिल्मको कथा रहस्यमय रहेको बुझ्न सकिन्छ । फिल्मको डिजिटल सर्वाधिकार ओएसआर डिजिटलसँग रहेको छ भने अन्तर्राष्ट्रिय सर्वाधिकार सेभेन सिज् इन्टरनेशनलसँग रहेको छ ।

# 'वरिष्ठ बलराम'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं** – चलचित्र 'वरिष्ठ बलराम'को ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा चलचित्रका मुख्य दुई पात्र दयाहाङ राई र विजय बरालबीचको संघर्ष देखिएको छ । खोलाको ढुंगा र बालुवाको ठेकेदार रहेका दयाहाङको एकमना खोलामा विजयले आँखा गाडेपछि सुरु हुने द्वन्द्वको वरिपरि सिनेमाको ट्रेलर घुमेको छ ।

आफू गरिब भएकै कारण अरूको हेपाइसीमा परेको अनुभूत गर्ने विजय र आफूले ढुंगा, बालुवा उठाइरहेको खोलामा अर्कोले हस्तक्षेप गरेपछि त्यसलाई ठेगान लगाउने दयाहाङको नोकझोक ट्रेलरमा छ । दयाहाङ अगाडिपछाडि केटा लगाएर रवाफका साथ हिँडिरहेको देखिने ट्रेलरमा विजय एक नवयौवना समृद्धि अर्यालको प्रेममा छन् ।

जात र कुल ठेगान नभएका विजयको चोला परिवर्तन गर्ने चाहना र आफ्नो हैकम ओरालो लाग्न नदिने दयाहाङको ढिट ट्रेलरमा देख्न सकिन्छ । आफ्नो झोलामा खोला राखेर त्यसमा रजगज गर्ने दयाहाङ र त्यसको स्वाद आफू पनि लिन खोज्ने विजयको प्रयासलाई ट्रेलरमा समेटिएको छ । स्तर उकास्न खोज्ने र स्तर कायम राखिराख्न खोज्नेबीचको द्वन्द्व ट्रेलरमा रोचक देखिएको छ । ट्रेलरमा वरिष्ठको चरित्रमा दयाहाङ र बलरामको चरित्रमा विजय देखिएका छन् ।



'वरिष्ठ बलराम' कात्तिक ६ गते भाइटीकामा रिलिज हुनेछ । 'वरिष्ठ बलराम'लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन् । 'वरिष्ठ बलराम'मा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ्ल, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पीके) लगायत कलाकारको अभिनय छ । निर्देशक पौडेलकै कथा र सम्पादन रहेको चलचित्रको पटकथा महेश दवाडीले लेखेका छन् ।

वृषभ सिद्धी इन्टरटेनमेन्टको प्रस्तुतिमा आन्भी फिल्मसको सहकार्य रहेको चलचित्रमा आशिष एच तामाङ र श्रीराज कार्की निर्माता छन् । कार्यकारी निर्मातामा प्रदीप जी धामी र पुस्कर बी घिमिरे छन् । लाइन प्रोडुसरमा राम विष्ट छन् । मनकृष्ण महर्जनको छायांकन रहेको चलचित्रमा प्रशान्त शिवाकोटीको संगीत, सम्राट बस्नेतको एक्सन निर्देशन, प्रदीप लामाको नृत्य निर्देशन छ । यो चलचित्रलाई काठमाडौं उपत्यकामा डीसीएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रिव्युसनले वितरण गर्नेछ ।

# दसैंमा प्रदर्शन तीन चलचित्रको यस्तो छ व्यापार

**काठमाडौं (प्रस)–** दसैंको अवसर पारेर फूलपाती अर्थात् यही असोज १३ गतेदेखि तीन चलचित्र 'हरिबहादुरको जुत्ता', 'माइतीघर' र 'बलिदान' नेपालभर प्रदर्शनमा आएका छन् । दसैंको बिदा भए पनि तीन वटै चलचित्रले घरेलु बजारमा अपेक्षाकृत व्यापार भने गर्न सकेका छैनन् ।

चलचित्र विकास बोर्डको 'बक्सअफिस २ सिनेमा' एपमा चलचित्र 'बलिदान' ले असोज २० गते राती ११ बजेर ५५ मिनेटसम्म रु तीन करोड ७५ लाख ५३ हजार २५१ व्यापार (ग्रस कलेक्सन) गरेको तथ्याङ्क छ । उक्त चलचित्रले एक लाख १९ हजार ५६१ टिकट बिक्री भएवापत उक्त व्यापार गरेको हो । सन्तोष सेनको निर्देशनमा तयार भएको चलचित्र 'बलिदान' मा समीर भट्ट, सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मालगायत कलाकारले अभिनय गरेका छन् ।

यस्तै अभिनेता हरिवंश आचार्यले शीर्ष भूमिका निर्वाह गरेको चलचित्र 'हरिबहादुरको जुत्ता' ले रु तीन करोड २१ लाख ७० हजार १६० व्यापार (ग्रस कलेक्सन) गरेको छ । यसका ९० हजार ९४७ टिकट बिक्री भएका छन् । दीपेन्द्रकुमार खनालको निर्देशनमा तयार भएको चलचित्र 'हरिबहादुरको जुत्ता' मा अभिनेता आचार्यसँगै स्वस्तिमा खड्का, प्रकाश सपुत, प्रियङ्का कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेललगायतका कलाकारले अभिनय गरेका छन् ।

फूलपातीकै अवसरमा प्रदर्शन भएको चलचित्र 'माइतीघर' ले सबैभन्दा कम रु दुई करोड १३ लाख ६४ हजार ६९२ व्यापार (ग्रस कलेक्सन) गरेको तथ्यांक चलचत्र विकास बोर्डको 'बक्सअफिस २ सिनेमा' एपमा छ । उक्त चलचित्रको ६८ हजार ३२ टिकट बिक्री भएवापत सो व्यापार भएको हो । रोहित अधिकारीले निर्माण तथा मिलन तामाङ्ले निर्देशन गरेको यस चलचित्रमा केदार घिमिरे, उपासना सिंह ठकुरी, धीरज मगर, प्रकाश सपुतलगायत कलाकारले अभिनय गरेका छन् ।

पछिल्ला वर्षमा दसैंमा नेपाली चलचित्रको व्यापार राम्रो भएको पाइएपछि यो दसैंमा तीन चलचित्रले प्रदर्शन मिति तय गरेका हुन् । बिदाको समयमा चलचित्रले राम्रो प्रतिक्रिया पाएमा त्यसको व्यापार बढ्ने अपेक्षाले चाडपर्व केन्द्रित प्रदर्शन हुनेक्रम बढेको चलचित्रकर्मीको भनाइ छ । यद्यपि व्यापारको तथ्याङ्क हेर्दा अघिल्लो दसैंको तुलनामा यसपटक चलचित्रहरूको व्यापार उत्साहजन हुनसकेको छैन ।

## रंगशाला

**चौथो सिरीजंघा फुटबल**

# एक खेल अगावै नेपाल सुपर सिक्समा, आज जापानसँग भिड्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आइसिसी टी–ट्वान्टी विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोट खेलको सुपर सिक्समा प्रवेश गरेको छ । ओमानमा जारी प्रतियोगितामा नेपालको समूहमा रहेको जापानले कुवेतलाई पराजित गरेपछि एक खेल अगाडि नै नेपाल र जापान सुपर सिक्समा प्रवेश गरेका हुन् ।

जापानसँगको हारसँगै कुवेत प्रतियोगिताबाट बाहिरिएसँगै नेपाल र जापान सुपर सिक्समा प्रवेश गरेका हुन् । शुक्रबार नेपाल र जापान भिड्नेछन् ।

नेपालले पहिलो खेलमा कुवेतलाई पराजित गरेको थियो । ओमानको अल अमेरतस्थित ओमान क्रिकेट एकेडेमी–१ मा सम्पन्न समूह 'बी'को पहिलो खेलमा नेपाल कुवेतलाई ५८ रनले पराजित गर्दै विजयी भएको थियो ।

नेपालले प्रस्तुत गरेको १४२ रनको प्रतिस्पर्धात्मक लक्ष्य पछ्याएको कुवेत १८ दशमलव एक ओभरमा सबै 'विकेट' गुमाउँदै ८३ रनमा समेटियो । कुवेतका लागि 'ओपनर' क्लिन्टो आन्टोले २६ तथा यासिन पटेलले १९ रन जोडे । बलिङतर्फ नेपालका सन्दीप लामिछाने, ललितनारायण राजवंशी र रोहित पौडेलले समान दुई -दुई विकेट लिए भने कुशल भुर्तेल, सोमपाल कामी र नन्दन यादवले समान एक-एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला 'ब्याटिङ'को निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १४१ रन बनायो । नेपालका लागि भुर्तेलले सर्वाधिक ६६ रनको योगदान दिए । उनले ५६ बलमा तीन छक्का र तीन चौकासहित ६६ रन बनाए । यस्तै, गुल्सन झा र दीपेन्द्रसिंह ऐरीले समान २०/२० रन बनाए भने कप्तान रोहित पौडेलले १६ बनाए । कुवेतका लागि नवीनराज राजेन्द्रन र अनुदीप चन्दामाराले समान दुई-दुई विकेट लिए । मोहम्मद आकिफ फरुकले एक विकेट लिए ।

प्रतियोगितामा रहेका रहेका ९ टिमबीच ३-३ समूहमा विभाजन गरिएको छ । ती मध्ये प्रत्येक समूहबाट २ टिम सुपरसिक्समा प्रवेश गर्छन् । सुपर सिक्सका ६ टिमबीच हुने खेलका शीर्ष ३ टिम विश्वकपका लागि छनोट हुनेछन् ।

**एएफसी एसियन कप छनोट-२०२७**

# नेपाल भियतनामसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी एसियन कप छनोट २०२७ को तेस्रो चरणमा नेपालले पुनः पराजय बेहोरेको छ । भियतनामको होचि मिन्हस्थित गो डाउ स्टेडियम बिहीबार राति सम्पन्न समूह 'एफ'को खेलमा घरेलु टोलीसँग नेपाल ३-१ ले पराजित भएको हो ।

यस जितसँगै भियतनाम ३ खेलबाट दुई जितसहित ६ अंक जोड्दै समूह 'एफ' मा दोस्रो स्थानमा उक्लिएको छ । मलेसिया ९ अंकसहित शीर्ष स्थानमा छ । लाओसले ३ अंक जोडेको छ भने नेपाल तीनै खेलमा पराजित हुँदै अंकविहीन अवस्थामा छ ।

नेपालले यसअघि मलेसियासँग २-० र लाओससँग २-१ को हार बेहोरेको थियो । भियतनामलाई दोस्रो जित दिलाउन नुगुएन टिएन लिङ, फाम जुआन मान्ह र नुगुएन भान भीले समान एक गोल गरे । नेपालका लागि एक मात्र गोल सनिश श्रेष्ठले गरेका हुन् ।





खेलको नवौं मिनेटमा लिङले गोल गर्दै भियतनामलाई अग्रता दिलाए । तर, आठ मिनेटमै पछि नै सनिशले नेपालका लागि बराबरी गोल फर्काए ।

पहिलो हाफ बराबरीमै टुंगिएको खेलको दोस्रो हाफमा भने भियतनाम हाबी रह्यो । मान्हले ६७औं मिनेटमा र भान भीले ७२ औं मिनेटमा गोल गर्दै भियतनामको जित सुनिश्चित गरे ।

# खेलाडीका नाममा हुलाक टिकट प्रकाशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** हुलाक सेवा विभागले नेपाली क्रिकेट खेलाडीको तस्वीर अङ्कित हुलाक टिकट प्रकाशन गरेको छ । उक्त हुलाक टिकटमा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बिहीबार हुलाक सेवा विभागद्वारा आयोजित कार्यक्रममा टाँचा लगाए ।

विश्व हुलाक दिवस २०२५ का अवसरमा आइसीसी पुरुष विश्वकप र आईसीसी महिला यु-१९ विश्वकप प्रतियोगितामा



सहभागी खेलाडीको तस्वीर अङ्कित हुलाक टिकटमा टाँचा लगाउनुका साथै प्रदर्शनी गरेको हो ।

खेलकुदको माध्यमबाट अन्तरराष्ट्रिय कुटनीतिक सम्बन्ध विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गरेका नेपाली क्रिकेट खेलाडीको सम्मानका लागि हुलाक टिकट प्रकाशन गरिएको विभागले जनाएको छ । विभागले २०८१ चैत्र १७ गतेको निर्णयअनुसार रु १० दरको पाँच लाखप्रति हुलाक टिकट प्रकाशन गरेको हो ।

नेपाल सन् २०२४ को जुन १ देखि २९ सम्म अमेरिका र वेष्ट इन्डिजमा भएको नवौं सस्करणको विश्वकपमा सहभागी भएको थियो । एसियाली क्षेत्रको अन्तिम चरणको छनोट प्रतियोगितामा दोस्रो हुँदै नेपाली टिम विश्वकप खेल्न सफल भएको थियो । त्यसैगरी महिला क्रिकेटको उमेरसमुह अन्तरगत यु-१९ विश्वकप क्रिकेटमा नेपाली टिमले खेलेको थियो ।

# गाजा युद्धविराममा सहमति

## हमासद्वारा बन्धक मुक्त, इजरायलले कैदीहरू रिहा गर्ने

**कायरो–** इजरायल र हमासबीच बिहीबार गाजा युद्धविराम सम्झौतामा सहमति भएपछि दुई वर्षभन्दा बढी समयदेखि जारी रक्तपातपूर्ण युद्ध अन्त्य हुने सम्भावना देखिएको छ ।

यस सम्झौताले बाँकी जीवित इजरायली बन्धकहरूलाई केही दिनभित्रै मुक्त गर्ने बाटो खुलाएको छ । यसले युद्धले हजारौंको ज्यान लिएको र गाजामा गम्भीर मानवीय संकट निम्त्याएको युद्धको अन्त्यतर्फको एक निर्णायक कदमका रूपमा हेरिएको छ ।

सम्झौतामा बिहीबार नै हस्ताक्षर भएको छ । सम्झौताले इजरायललाई सयौं प्यालेस्टिनी कैदीहरू रिहा गर्न र गाजामा मानवीय सहयोग बढाउन आह्वान गर्दछ । यो सम्झौता सन् २०२३ अक्टोबरमा हमासको इजरायलमाथिको अभूतपूर्व आक्रमणपछि सुरु भएको युद्धको समाप्तितर्फको नयाँ चरण हो ।

'हमासले सबै बन्धकहरूलाई मुक्त गर्ने छ र इजरायली सेनाले सहमति भएको रेखासम्म फिर्ता हुने छ,' अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो २० बुँदे शान्ति योजनाअन्तर्गत इजिप्टमा भएको वार्तापछि घोषणा गर्दै भने, 'म विश्वस्त छु, सबै बन्धकहरू सोमबारसम्म फिर्ता हुने छन् ।'

हमासभित्रका एक वरिष्ठ स्रोतका अनुसार समूहले सम्झौताको पहिलो चरणमा करिब दुई हजार प्यालेस्टिनी कैदीहरूको सट्टामा २० जीवित इजरायली बन्धकहरू रिहा गर्ने छ । यो आदानप्रदान सम्झौता कार्यान्वयन भएको ७२ घण्टाभित्र सम्पन्न हुने छ ।

ट्रम्पले गाजाको पुनर्निर्माण तथा शान्ति स्थापनामा वासिङ्टनको सक्रिय भूमिका रहने बताएका छन् । उनका अनुसार यो युद्धविराम केवल युद्ध अन्त्यको नभई, स्थायी शान्तिको सुरुआत हो ।

गाजाका विस्थापित नागरिक समीर जुदेहले भने, 'दुई वर्षसम्म हामी निरन्तर बम, आतंक, विनाश र मृत्युको डरमा बाँच्यौं । आज जब यो खबर सुनें, खुसीका आँसु रोक्न सकिनँ । अब हामीलाई अन्ततः शान्तिको सास फेर्ने मौका मिलेको अनुभूति भइरहेको छ ।'

कतारले यस सम्झौतालाई 'गाजा युद्धविरामको पहिलो चरण' भन्दै स्वागत गरेको छ । कतारी विदेश मन्त्रालयले जारी विज्ञप्तिमा भनिएको छ, 'यो सम्झौता युद्धको अन्त्य, बन्धक र कैदीहरूको रिहाइ र मानवीय



सहयोगको प्रवेशको प्रारम्भ हो ।'

हमासका स्रोतका अनुसार २५० जना आजीवन कारावास सजाय पाएका र एक हजार ७०० अन्य प्यालेस्टिनी कैदीहरूलाई रिहा गरिने छ । इजरायली प्रधानमन्त्री माननीय बेन्जामिन नेतान्याहुले 'भगवान्को कृपाले हामी हाम्रा नागरिकहरूलाई घर फर्काउनेछौं' भन्दै प्रतिक्रिया दिए ।

ट्रम्पले केही दिनअघि नै उक्त सम्झौता 'धेरै नजिक' रहेको बताएका थिए र यस हप्ता नै मध्यपूर्वको यात्रा गर्ने संकेत पनि गरेका थिए । एएफपीका पत्रकारका अनुसार अमेरिकी विदेशमन्त्री मार्को रुबियोले बुधबार ह्वाइट हाउसमा ट्रम्पलाई इजिप्ट वार्ताको प्रगतिबारे तत्काल जानकारी दिएपछि घटनाक्रम तीव्र बनेको हो ।

ट्रम्पले भने, 'म आइतबारतिर इजिप्ट पुग्ने योजना बनाइरहेको छु र गाजाको अवस्थाबारे प्रत्यक्ष अवलोकन गर्ने सोच पनि छ ।' ट्रम्प शान्ति योजनाले युद्धविराम, सबै बन्धकहरूको रिहाइ, हमासको निःशस्त्रीकरण र इजरायली सेनाको चरणबद्ध फिर्तीको प्रस्ताव गर्दछ ।

हमासले युद्धविरामको पहिलो चरणमा रिहाइ गर्न चाहेका प्यालेस्टिनी कैदीहरूको सूची इजरायललाई बुझाइसकेको छ । बदलामा, हमासले बाँकी रहेका ४७ जना बन्धकहरू (जीवित र मृत दुवै) मुक्त गर्ने तयारी गरेको जनाएको छ । ती सबै बन्धकहरू सन् २०२३ अक्टोबर ७ मा इजरायलमाथि भएको हमास आक्रमणका क्रममा नियन्त्रणमा लिइएका थिए ।

हमासका अनुसार यस सम्झौतामा इस्लामिक जिहाद र प्यालेस्टाइन मुक्ति लोकप्रिय मोर्चाका प्रतिनिधिहरू पनि सहभागी हुने छन् । आधिकारिक इजरायली तथ्यांकअनुसार हमासको आक्रमणमा एक हजार २१९ जनाको मृत्यु भएको थियो, जसमा अधिकांश नागरिक थिए । २५१ जनालाई गाजामा बन्धक बनाइएको थियो, जसमा ४७ जना अझै बाँकी छन् । इजरायली सेनाकाअनुसार तीमध्ये २५ जनाको मृत्यु भइसकेको छ ।

हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको सैन्य आक्रमणमा कम्तीमा ६७ हजार १८३ जनाको मृत्यु भएको छ । संयुक्त राष्ट्रसंघले यो तथ्यांकलाई विश्वसनीय मानेको छ । मृतकमध्ये आधाभन्दा बढी महिला र बालबालिका रहेको जनाइएको छ ।

युद्धविराम सम्झौता हुनुअघि पनि गाजामा बमबारी जारी थियो । हमासको नियन्त्रणमा रहेको नागरिक सुरक्षा निकायका अनुसार सम्झौता घोषणा हुनु केही घण्टा अघिसमेत विष्फोटको आवाज गुञ्जिएको थियो । विश्वव्यापी दबाबका कारण युद्ध अन्त्यको माग तीव्र बनेको छ । गाजाको अधिकांश क्षेत्र ध्वस्त भइसकेको छ । संयुक्त राष्ट्रसंघले अनिकालको चेतावनी जारी गरेको छ र इजरायली बन्धक परिवारहरू आफ्ना प्रियजनहरूको फिर्तीका लागि अझै प्रार्थना गरिरहेका छन् ।

वार्ताको एउटा मुख्य मुद्दा हमासले माग गरेको प्यालेस्टिनी कैदीहरूको सूची थियो, जसमा फतह आन्दोलनका वरिष्ठ नेता मारवान बारघौती पनि समावेश छन् । हमासका प्रमुख वार्ताकार खलिल अल-हयाले भने, 'हामीले राष्ट्रपति ट्रम्प र सहभागी राष्ट्रहरूबाट स्थायी शान्तिको ग्यारेन्टी चाहेका छौं । यो युद्ध अब सधैंका लागि अन्त्य हुनुपर्छ ।' *रासस/एएफपी*



**वेल्सकी राजकुमारी केट बिहीबार इंगल्याण्डको अक्सफोर्डस्थित होम–स्टार्ट अक्सफोर्डको संरक्षणमा रहेका बालबालिकासँग कुराकानी गर्दै ।** *तस्बिरः एपी*

# ट्रम्पको घोषणापछि विश्वनेताहरूको स्वागत

**वेलिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायल र हमासबीच गाजाको युद्ध अन्त्यतर्फको 'पहिलो चरण' को सम्झौतामा सहमति भएको घोषणा गरेपछि विश्व नेताहरूले बिहीबार शान्तिको नयाँ आशा व्यक्त गर्दै दुवै पक्षलाई प्रतिबद्धता पूरा गर्न आग्रह गरेका छन् ।

यो सम्झौतालाई गाजामा दुई वर्ष लामो विनाशकारी युद्धको अन्त्यतर्फको ठूलो कूटनीतिक उपलब्धि मानिएको छ । ट्रम्पका अनुसार हमासले आगामी दिनमा सबै २० जना जीवित इजरायली बन्धकहरूलाई मुक्त गर्ने छ, जसको सट्टामा प्यालेस्टिनी कैदीहरू रिहा गरिने छन् । साथै, इजरायली सेनाले गाजाको अधिकांश भागबाट फिर्ता लिन सुरु गर्ने छ ।

'यसको अर्थ यो हो कि सबै बन्धकहरू चाँडै आफ्ना घर फर्किने छन् र इजरायलले बलियो, दीर्घकालीन र चिरस्थायी शान्तिको दिशामा पहिलो कदमका रूपमा सहमत रेखासम्म आफ्नो सेना फिर्ता लिने छ,' राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमार्फत लेखे ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले सामाजिक सञ्जालमा प्रतिक्रिया दिँदै लेखे, 'भगवान्को कृपाले हामी सबैलाई घर ल्याउनेछौं ।' विश्वभरका नेताहरूले यस घटनाक्रमलाई ऐतिहासिक मोडका रूपमा व्याख्या गर्दै प्रतिक्रिया जनाएका छन् ।

### संयुक्त राष्ट्रसंघ

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले एक विज्ञप्तिमा भने, 'संयुक्त राष्ट्रसंघले सम्झौताको पूर्णकार्यान्वयनलाई समर्थन गर्ने छ र गाजामा दिगो मानवीय राहत, पुनर्निर्माण र पुनर्स्थापनाका प्रयासलाई तीव्र पार्ने छ ।'

उनले भने, 'यो अवसरले कब्जाको अन्त्यतर्फ विश्वसनीय राजनीतिक मार्ग निर्माण गर्न, प्यालेस्टिनी जनताको आत्मनिर्णयको अधिकारलाई सम्मान गर्न र इजरायली तथा प्यालेस्टिनी दुवै जनतालाई शान्ति र सुरक्षामा जीवनयापन गर्न सक्षम बनाउने दुई-राज्य समाधानको दिशामा अघि बढ्न सहयोग पुऱ्याउने छ ।'



### क्यानाडा

क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले सामाजिक सञ्जालमा लेखे, 'बन्धकहरू चाँडै आफ्ना परिवारसँग पुनर्मिलन हुने खबरले हामीलाई अत्यन्त हर्षित बनाएको छ । वर्षौंको पीडादायी संघर्षपछि अब स्थायी शान्तिको सम्भावना देखिएको छ ।'

उनले सबै पक्षहरूलाई 'सहमति गरिएका सर्तहरू छिटो कार्यान्वयन गर्न र न्यायपूर्ण तथा दीर्घकालीन शान्तिको लागि एकजुट भएर काम गर्न' आग्रह गरे । कार्नीले वार्तामा मध्यस्थता गर्ने कतार, इजिप्ट र टर्कीको भूमिकाको प्रशंसा पनि गरे ।

### अर्जेन्टिना

अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिलेईले एक्समा लेखे, 'म यो अवसरमा राष्ट्रपति डोनाल्ड जे ट्रम्पको नोबेल शान्ति पुरस्कारका लागि उम्मेदवारीमा हस्ताक्षर गर्ने घोषणा गर्न चाहन्छु । यस किसिमको उपलब्धि हासिल गर्ने नेताहरूलाई यो मान्यता पहिले नै प्राप्त हुनुपर्ने थियो ।'

स्वतन्त्रतावादी नेता र ट्रम्पका सहयोगी रहेका मिलेईले यो सम्झौताले विश्वशान्तिको दिशामा ठूलो योगदान पुऱ्याएको बताए ।

### मलेसिया

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले एक विज्ञप्तिमा भने, 'यो घटनाक्रमले महिनौंदेखिको असहनीय पीडा र विनाशपछि आशाको उज्यालो देखाएको छ ।' उनले सबै पक्षलाई 'यो अवसर प्रयोग गरी व्यापक र स्थायी शान्तितर्फ अघि बढ्न' आग्रह गरे ।

### जापान

जापानका मुख्य क्याबिनेट सचिव योसिमासा हयासीले पत्रकारहरूलाई सम्बोधन गर्दै भने, 'जापानले सहभागी पक्षहरूबीच 'पहिलो चरण' मा सहमति भएकोमा स्वागत गर्दछ । यो सम्झौता द्वन्द्व शमन र दुई-राज्य समाधानतर्फको महत्त्वपूर्ण कदम हो ।'

उनले अमेरिकी, कतारी, इजिप्टेली, टर्की र अन्य मध्यस्थता गर्ने देशहरूको 'अथक प्रयास' को प्रशंसा गर्दै सबै पक्षबाट 'इमानदार र स्थायी कार्यान्वयन' को अपेक्षा व्यक्त गरे । हयासीले गाजाको पुनर्निर्माण र मानवीय अवस्थाको सुधारका लागि जापानको निरन्तर सहयोगको वाचा पनि गरे ।

### अस्ट्रेलिया

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजले यो सम्झौतालाई 'प्रकाशको किरण' को रूपमा वर्णन गरे । 'आठ दशकको द्वन्द्व र हिंसापछि, आज हामीले हिंसाको चक्र तोड्न र अझ उज्यालो भविष्य निर्माण गर्न सक्ने आशा पाएका छौं,' उनले भने, 'आजको यो घोषणा केवल सम्झौता होइन, यो मानवताको पुनर्जीवनको सन्देश हो ।'

### न्युजिल्याण्ड

न्युजिल्याण्डका विदेशमन्त्री विन्स्टन पिटर्सले भने, 'विगत दुई वर्षमा इजरायली र प्यालेस्टिनी दुवैले अकल्पनीय पीडा व्यहोरेका छन् । आजको यो सम्झौता त्यो पीडा अन्त्यतर्फको सकारात्मक पहिलो कदम हो ।'

उनले दुवै पक्षलाई सम्झौताको सर्तहरू पूरा गर्न आग्रह गर्दै भने, 'यो स्थायी शान्ति प्राप्त गर्ने दिशामा आवश्यक पहिलो कदम हो । हामी इजरायल र हमासलाई पूर्णसमाधानको दिशामा निरन्तर काम गर्न आह्वान गर्छौं ।' *रासस/एपी*

# गाजाबाट प्रियजन फर्कने आशाले तेल अभिभ उल्लासमय

**तेल अभिभ–** करिब २४ महिनादेखि इजरायलले अनिश्चितता, पीडा र निराशाको गहिरो अन्धकार सहनु परेको थियो । तर बिहीबार बिहान मध्य तेल अभिभको 'होस्टेज स्क्वायर' नामक स्थलमा खुसी, आँसु र राहतको मिश्रणसहित आशाको विष्फोट भयो ।

समाचार सार्वजनिक हुनेबित्तिकै भीडमा खुसीको चिच्याहट मच्चियो । श्याम्पेनका बोतलहरू खोलेर सेलिब्रेसन गरियो, मिठाइ बाँडियो, अनि हाँसो र आलिंगनसहित आँसु बगाए- गाजामा बन्दी बनाइएका इजरायली नागरिकहरूको रिहाइ नजिकिएको खबरले स्क्वायरलाई हर्ष र भावनाले भरिदियो ।

बन्दीहरू मुक्त गराउने अभियानको प्रमुख अनुहार मानिएकी इना जांगाउकरले आफ्नो बन्धक छोराको नाम उच्चारण गर्दै उत्साहित स्वरमा चिच्याइन्, 'मतन घर आउँदै छ !' हात आकाशतिर उठाउँदै उनले 'धन्यवाद !' भन्दै भावनामा डुबिन्, जबकि वरिपरि समर्थकहरूको भीड, बन्धकका परिवारहरू र पहिले मुक्त भएका पूर्वबन्दीहरूले चोक भरिदिएका थिए ।

पत्रकारहरूलाई उनले भनिन्, 'म मेरो छोरा मतनको गन्ध लिन चाहन्छु । मेरो एउटामात्र सपना छ- उसलाई आफ्नै ओछ्यानमा सुतिरहेको देख्ने ।'



सन् २०२३ अक्टोबर ७ मा हमासको इजरायलमाथिको आक्रमणपछि जब उनीहरूको प्रियजनहरू अपहरणमा परे, त्यतिबेलादेखि यी परिवारहरू निरन्तर संघर्षमा छन् । उनीहरूले विश्व नेताहरूसँग भेटघाट गरेका छन्, इजरायली राजनीतिज्ञहरूसँग वादविवाद गरेका छन्, अनि आफ्नो परिवारका सदस्यहरूलाई दुःस्वप्नजस्तो अवस्थाबाट मुक्त गराउने प्रतिज्ञा कहिल्यै त्यागेका छैनन् ।

तर, बिहीबार- त्यो संघर्षको दिशानिर्देशक क्षण बन्यो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायल र हमासबीच बाँकी रहेका बन्धकहरूको रिहाइका लागि सम्झौता भएको घोषणा गर्नासाथ स्क्वायरमा उत्साह र आशाको लहर फैलियो । इजरायली तथ्यांकअनुसार, सुरुमा अपहरणमा परेका २५० जनामध्ये हाल गाजामा रहेका २० जना जीवित छन् र २८ जनाको मृत्यु भइसकेको छ ।

सन् २०२३ अक्टोबर ७ को भयावह बिहानदेखि बन्धक परिवारहरूले प्रत्येक दिन, घण्टा र सेकेण्ड गन्दै बिताएका थिए । स्क्वायरमा राखिएको 'काउन्टडाउन' घडीले ती पीडाका क्षणहरू गन्दै आएको थियो । तर बिहीबार ती सेकेन्डहरू अब स्वतन्त्रताको नजिक धकेलिँदै थिए, समयले बन्धकहरूको घरफिर्तीको आहट सुनाइरहेको थियो ।

रेबेका बोबोटले इन्स्टाग्राममा लेखिन्, 'दुई वर्षदेखि म आफ्ना प्रियजनको जीवनका लागि लड्दै आएकी छु । यो त्यो क्षण हो- जब एउटा सानो केटाले आफ्ना बुबालाई अँगालोमा बेर्छ, जब मेरो परिवार फेरि जीवित हुन्छ ।' उनका पति एल्काना अक्टोबर ७ मा बन्धक बनाइएका थिए ।

उत्सवको केन्द्रबिन्दु राष्ट्रपति ट्रम्प नै बनेका थिए । धेरै इजरायली र बन्धक परिवारहरूले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई सम्झौतामा सहमत गराउन ट्रम्पको दबाब र मध्यस्थतालाई श्रेय दिए । स्क्वायरमा केही व्यक्तिहरू ट्रम्पको पोसाकमा सजिएका थिए, अमेरिकी झण्डा फहराइरहेका थिए, अनि भीडले 'धन्यवाद, ट्रम्प !' भन्दै नारा लगाउँदै उनलाई नोबेल शान्ति पुरस्कारको योग्य ठहर गरे ।

तर सबैभन्दा गहिरो कुरा- सन् २०२३ अक्टोबर ७ पछि इजरायलमा फैलिएको उदासी र पीडाको वातावरणलाई पहिलोपटक आशाले प्रतिस्थापन गरेको देखियो । होस्टेज स्क्वायरमा लामो समयपछि जीवन र मुस्कान फर्किएको थियो । त्यो दिनको अन्धकार अझै स्मृतिमा बाँकी भए पनि आजको रातमा इजरायलीहरूका आँखामा उज्यालो देखिन्थ्यो ।

युद्धको प्रारम्भमा मुक्त भएका पूर्वबन्धक ओमर वेन्कर्टले सम्झौताको समाचार सुनेपछि भावनात्मक स्वरमा भने, 'मलाई टाउकोदेखि खुट्टासम्म चिसो महसुस भइरहेको छ । म कल्पना पनि गर्न सक्दिनँ- हामी एक राष्ट्रका रूपमा कति गहिरो खुसी महसुस गर्न सक्षम हुनेछौं ।' *रासस/एपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २३९२०० | प्रति तोला – ० | प्रति तोला – ३०२५

## मनास्लु शिखरमा योगेन्द्रले फहराए नेपालको झण्डा

■ प्रभाव संवाददाता

**ललितपुर–** ललितपुर महानगरपालिका-२१ खोकनाका पर्वतारोही योगेन्द्र महर्जनले देशकै प्रतिष्ठित शिखरहरूमध्ये एक मनास्लु हिमाल (८,१६३ मिटर) को सफल आरोहण गरेका छन् । उनले असोज ९ गते बिहीबार बिहान हिमालको चुचुरोमा पुगेर ललितपुर महानगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय ध्वजावाहक भण्डा फहराएका हुन् ।

महर्जनले मनास्लु आरोहणलाई आफ्नो जीवनकै महत्वपूर्ण उपलब्धि बताउँदै भने, "हिमालको चुचुरोमा पुगेपछि स्वर्गीय आनन्दको अनुभूति भयो, तर त्यही बेला ग्लोबल वार्मिङका कारण पग्लिँदै गएका हिउ र खुल्दै गएका कालापत्तरहरू देख्दा चिन्ता पनि मनमा आयो ।"

उनका अनुसार मनास्लु आरोहणले उनलाई शारीरिक क्षमताभन्दा बढी मानसिक दृढता र आत्मविश्वास नै मुख्य हो भन्ने पाठ सिकाएको छ । उनले भने, "हिमाल चढ्न शरीरको शक्ति आवश्यक हुन्छ, तर अन्ततः आत्मविश्वास र मनोबल नै सफलता दिलाउँछ ।"

महर्जनले यस यात्राबाट फर्किएपछि जलवायु परिवर्तनले हिमाली भू-परिवेशमा ल्याएको प्रत्यक्ष प्रभाव देख्न पाएको अनुभव पनि बाँडेका छन् । उनका अनुसार पछिल्ला वर्षहरूमा हिमालहरूमा हिउ पग्लिने गति बढ्दै गएको छ, जसले भविष्यका हिमाल आरोहीहरूका लागि थप चुनौती निम्त्याउनेछ ।

मनास्लु हिमालको आरोहण विश्वका पर्वतारोहण प्रेमीहरूका लागि कठिन र प्रतिष्ठित यात्रामध्ये एक मानिन्छ । यो हिमाल नेपालको गोरखा जिल्लामा अवस्थित छ र विश्वकै आठौं अग्लो हिमाल हो ।

यो उनको पहिलो ८ हजार मिटर वर्गको सफल आरोहण भए पनि महर्जन यसअघि पनि उच्च शिखरहरू जितिसकेका



छन् । उनले यसअघि ६ हजार ११९ मिटर अग्लो लोबुचे शिखर र इक्वेडरको ६ हजार २६३ मिटर अग्लो चिम्बोराजो हिमालको सफल आरोहण गरिसकेका छन् ।

हिमालप्रेम र साहसिक यात्रामा रुचि राख्ने महर्जनले आगामी वर्षहरूमा पनि अन्य उच्च हिमालहरूमा आरोहण गर्ने योजना बनाइरहेको जानकारी दिएका छन् ।

## ऊर्जामन्त्रीसँग इप्पानले माग्यो राहत प्याकेज

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान)ले बाढी प्रभावित जलविद्युत् आयोजनालाई विभिन्न राहत प्याकेज दिन माग गरेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङसँग भेट गर्दै इप्पानका प्रतितिनधिले बाढीबाट क्षति पुगेका जलविद्युत् आयोजना पुनःनिर्माणका लागि सरकारले राहत प्याकेज नै घोषणा गर्नुपर्नेमा जोड दिएका छन् ।

मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार भेटमा ऊर्जामन्त्री घिसिङले बाढी प्रभावित आयोजनालाई सक्दो राहत उपलब्ध गराउन पहल गर्ने बताएका थिए । उनले वनसँग सम्बन्धित ऊर्जा आयोजनाका समस्या समाधानका लागि आगामी मन्त्रिपरिषद् बैठकमा प्रस्तुत गर्ने पनि जानकारी गराए ।

इप्पानका अध्यक्ष गणेश कार्कीले विसं २०८० जेठ ३२ र असार १ गते, २०८१ असार/साउन तथा असोज ११, १२ र २०८२ को असार/साउन तथा हालैको बाढीबाट क्षतिग्रस्त आयोजना सबैलाई मध्येनजर गरी विद्युत् उत्पादन सुरु गर्नुपर्ने मिति

▶▶ **बाढीबाट क्षतिपुगेका निर्माणाधीन आयोजनाको आरसीओडी म्याद तीन वर्ष र अनुमतिपत्रको अवधि पाँच वर्ष थप गर्नुपर्ने, बाढी प्रभावित आयोजनाको कर्जा पुर्नतालिकीकरण र पुनरकर्जाको व्यवस्था गर्नुपर्ने पनि इप्पानले माग राखेको छ ।**

(आरसीओडी), अनुमतिपत्रको अवधि, कर्जा पुर्नतालिकीकरण, लामो अवधिको फाइनान्सिङ र भन्सार महसुलमा छुटलगायतका विषय समेटेर राहत प्याकेज ल्याउनुपर्ने माग राखे ।

यही असोज १७ देखि १९ गतेसम्म आएको वर्षाका कारण सञ्चालनमा रहेका २० जलविद्युत् आयोजना प्रभावित भएकामा १३५ मेगावाटका १७ वटा जलविद्युत् आयोजनाको उत्पादन पूर्णरूपमा बन्द भएको छ भने १५६ मेगावाटका तीन आयोजना आंशिक प्रभावित भएका छन् । त्यसैगरी निर्माणाधीन ५२० मेगावाट क्षमताका १७ जलविद्युत् आयोजनामा क्षति पुगेको छ ।

**इप्पानका माग**

बाढी प्रभावित आयोजनाको पुनःनिर्माण तथा मर्मत सम्भारका लागि आवश्यक मेसिनरी उपकरण एक प्रतिशत भन्सार शुल्कमा आयातको व्यवस्था गर्नुपर्ने इप्पान माग रहेको छ । बाढीबाट क्षतिपुगेका निर्माणाधीन आयोजनाको आरसीओडी म्याद तीन वर्ष र अनुमतिपत्रको अवधि पाँच वर्ष थप गर्नुपर्ने, बाढी प्रभावित आयोजनाको कर्जा पुर्नतालिकीकरण र पुनरकर्जाको व्यवस्था गर्नुपर्ने पनि इप्पानले माग राखेको छ ।

यसैगरी इप्पानले बाढी प्रभावित आयोजनाको रोकिएको आइपीओ र हकप्रद शेयर छिटो निष्कासनको व्यवस्था गर्नुपर्ने, प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त जलविद्युत् आयोजनालाई सङ्कटग्रस्त घोषणा गरी आवश्यक नीतिगत निर्णय गर्नुपर्ने माग मन्त्री घिसिङसामु राखेका छन् ।

बाढी प्रभावित आयोजनालाई लामो अवधिको फाइनान्सिङ व्यवस्था गर्नुपर्ने र आर्थिक वर्ष २०८२/८३-२०८४/८५ भित्र विद्युत् उत्पादन नगरे स्वतः 'टेक एण्ड पे पीपीए'मा परिणत हुने व्यवस्था खारेज हुनुपर्ने लगायतका इप्पानका सात माग रहेका छन् ।

## महालक्ष्मी विकास बैंक र र्‍याडिसन होटलबीच सम्झौता

**काठमाडौं (प्रस)** – महालक्ष्मी विकास बैंक लिमिटेड र र्‍याडिसन होटल लाजिम्पाटबीच सम्झौता भएको छ ।

बैंकले स्वास्थ्य क्षेत्र, रेष्टुरेन्ट लगायतका संस्थाहरूसँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ चाडपर्व तथा विदेश यात्रा गर्ने यात्रुहरूलाई लक्षित गर्दै र्‍याडिसन होटल लाजिम्पाट, काठमाडौंसँगको सहकार्यमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको र्‍याडिसन एयरपोर्ट लाउन्जमा विशेष छुट प्रदान गर्ने गरी सम्झौता भएको हो ।

सम्झौता अन्तर्गत महालक्ष्मी विकास बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा




मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरूले उक्त होटलले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको र्‍याडिसन एयरपोर्ट लाउन्जमा प्रदान गर्ने सेवासहित विभिन्न सेवाहरूमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

हालै मात्र बैंकले आफ्ना क्रेडिट कार्ड वाहकहरूले विभिन्न ट्राभल एजेन्सी मार्फत टुर प्याकेज खरिद गर्दा महालक्ष्मी बैंकको क्रेडिट कार्ड प्रयोग गरी खरिद गर्न सक्ने योजनाको सुरुवात गरेको छ ।

## अन्नपूर्ण आधारशिविरमा पर्यटकको चाप

**म्याग्दी–** मौरिस हर्गोज पदमार्ग र अन्नपूर्ण आधार शिविरमा रहेका होटल तथा रेस्टुरेण्टको क्षमताभन्दा बढी संख्यामा पर्यटक आएपछि व्यवस्थापन गर्न समस्या भएको छ ।

आठ हजार ९१ मिटरको अन्नपूर्ण हिमालको फेदीमा पुग्ने आरोहण गर्ने आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्छ । पदमार्ग तथा आधार शिविरका टेन्ट र आश्रय स्थलको भवनमा एक दिनमा ५० जना सम्म बास बस्ने क्षमता रहेको छ । दैनिक एक सय ५० जना भन्दा बढी पर्यटकहरू आउन थालेपछि आवास व्यवस्थापनमा कठिनाई भएको अन्नपूर्ण-४ का वडा सदस्य श्याम पुर्जाले बताए । 'अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा पर्ने भएकाले पक्की संरचना बनाउने अनुमति नपाइने भएकाले गाउँपालिकासँग समन्वय गरेर गत बसन्त यामदेखि टेन्ट टाँगेर पर्यटकलाई खाने, बस्ने व्यवस्था मिलाइएको छ,' उनले भने, 'क्षमता भन्दा तीन गुणा बढी पाहुनाहरू आउन थालेपछि समस्या भएको हो ।'

फुतफुते झरनामा चिया पसल, साधीखर्क, गुफाँफाँट, भुसकेट र अन्नपूर्ण



आधार शिविरको पञ्चकुण्ड ताल परिसरमा स्थानीयबासीले गत बैशाख महिनादेखि स्थायी संरचना बनाएर पाहुनालाई खाना, खाजा खुवाउने र सुत्के व्यवस्था मिलाएका छन् । अपेक्षा गरेको भन्दा धेरै संख्यामा पर्यटक आएकाले व्यवस्थापनका लागि टेन्टको संख्या थप गर्न लागिएको पुर्जाले बताए ।

होटल तथा लजको सुविधा नभएकाले यसअघि खाना, खाजाका परिकार, भाँडाकुँडा, ग्यास, लत्ताकपडालगायत समान आफैंले व्यवस्था गर्नुपर्ने समस्या थियो । आधार शिविरको भ्रमण गरेर आउनुभएका बेनीका सन्दिप खत्रीले तीन जनाको क्षमता भएको टेन्टमा सात जना सुत्नुपरेको बताए ।

मानव बस्तीदेखि टाढा रहेको उक्त क्षेत्रमा सञ्चार, विद्युत अभाव र आवास व्यवस्थापनमा समस्या भएको उनले बताए । अर्का पदयात्री बिशाल खत्रीले भुसकेतदेखि आधार शिविर सम्मको तीन घण्टाको पदमार्गमा संकेत चिन्हहरूको आवश्यकता महशुस गरेको अनुभव सुनाए ।

मस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै अन्नपूर्ण आधार शिविरमा पुग्न सकिन्छ । नारच्याङ देखि दुई घण्टा गाडीमा यात्रा गरेपछि पुगिने हुमखोला देखि दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ ।

छोटो यात्रामा पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाईमा परेको छ । शान्त र एकान्त वातावरण, वन्यजन्तु, पंक्षी, जंगल, अग्ला पहाडको खोच, फुतफुते झरना, अन्नपूर्ण हिमालको फेदीमा रहेको निलो रङगको पञ्चकुण्ड ताल आधार शिविरको आकर्षण हो ।

पचहत्तर वर्षअघि फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण हिमाल आरोहणका लागि प्रयोग गरेको बाटो पछ्याउदै वि.स. २०६७ मा नारच्याङका तेज गुरुङको अगुवाईमा पहिचान भएको यो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले वि.स. २०७७ मा मौरिस हर्गोज नामारण गरि खुलाएको थियो ।

अन्नपूर्ण गाउँपालिकाले आश्रयस्थल, सार्वजनिक शौचालय, खानेपानी निर्माण, पदमार्ग मर्मत र समुन्द्रि सतहदेखि चार हजार एक सय मिटर उचाईमा रहेको आधार शिविरमा खुल्ला संग्रहालय स्थापना गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को रु. पाँच लाख सहयोगमा 'रेड वाटरफल' र सुनखोलामा काठको पुल निर्माण भएको र थप पुर्वाधार निर्माणका लागि पहल गरेको वडा अध्यक्ष लोकबहादुर फगामीले बताए । *रासस*

हात धोऔं,
रोगको संक्रमणबाट बचौं ।

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य धात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट बच्न हात धुने अभ्यासलाई आत्मसाथ गरौं,
- बालबालिकालाई हात धुन सिकाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ